कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने

# सानिमा बैंक

**नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था**

केन्द्रीय कार्यालयः अलकापुरी, नक्साल, काठमाण्डौ, फोन नं. ०१-५९७००३३ फ्याक्स नं ४४२८९६९

Email: sanima@sanimabank.com, URL: www.sanimabank.com

**को**

**१० वर्ष अवधि तथा वार्षिक ८.५०% ब्याजदर भएको**

**"८.५०% सानिमा डिबेन्चर–२०८७"**

जारी गर्नका लागि प्रकाशित

# विवरण–पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**दरखास्तसाथ प्रति ऋणपत्र रु. १,०००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

दश बर्ष अवधि तथा वार्षिक ८.५० प्रतिशत व्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ४० लाख कित्ताले हुन आउने रु. ४ अर्ब बराबरको ऋणपत्रमध्ये २४ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु. २ अर्ब ४० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा १६ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. १ अर्ब ६० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ८०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्ट्याइएको समेत) सर्वसाधारण नेपालीहरुको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने।

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७४/७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| प्रति शेयर आम्दानी रु. | २१.२२ | २८.२२ | २०.१८ | २३.२८ | २५.६० | २७.२८ |
| प्रति शेयर नेटवर्थ रु. | १३४.८३ | १४९.८५ | १४५.६४ | १५२.३९ | १५७.२० | १६२.५६ |
| संचित नाफा नोक्सान (रु.दश लाखमा) | १,१३६.६८ | १,७५१.५१ | १,१९७.०४ | १,८६४.७५ | १,८९७.६३ | २,४५३.६७ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा (ग) ८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्र धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम (Low Credit Risk) जनाउने '[ICRANP] LA@' ग्रेडिङ्ग मिति २०७७/०८/१५ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षीत मानिन्छ। साथै यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले '[ICRANP] LA@' ग्रेडिङ्ग प्रदान गरेको छ, उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तीय दायित्व पुरा गर्ने तथा कर्जा जोखिम न्यून रहेको संस्थाको रुपमा लिईन्छ।

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७७/०८/१५ गते** **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०७८/०८/१४ गते सम्म**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाट पल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन।

| | |
|---|---|
| नेपाल धितोपत्र वोर्डवाट विवरणपत्र स्वीकृत भएको मिति | :- २०७७/०७/२७ |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति | :- २०७७/०८/१५ |
| नेपाल राष्ट्र बैंकमा विवरणपत्र दर्ता भएको मिति | :- २०७७/०८/११ |
| धितोपत्र निष्कासन खुल्ला हुने मिति | :-२०७७/०९/०१ |
| धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा) | :-२०७७/०९/०५ बैंकिङ्ग समय सम्म |
| धितोपत्र निष्कासन बन्द हुने मिति (अन्तिम) | :-२०७७/०९/१५ बैंकिङ्ग समय सम्म |

**निष्काशन तथा बिक्री प्रबन्धक**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौ

फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८

Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

**यो "साधारण शेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको** Website:www.nicasiacapital.com **तथा निष्काशनकर्ता कम्पनी सानिमा बैंक लि. को** Website: **www.sanimabank.com मा समेत हेर्न सक्नु हुनेछ।**

## ख. विवरणपत्रको मुख्य पृष्ठको भित्री भागमा उल्लेख हुनुपर्ने कुराहरु :

**१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) "**विवरणपत्र**" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ।

ख) "**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**" भन्नाले एन आई सी एशिया क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ।

ग) "**कम्पनी**" भन्नाले निष्काशनकर्ता कम्पनी सानिमा बैंक लिमिटेडलाई सम्झनु पर्दछ।

घ) "**संकलन केन्द्र**" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ।

ङ) "**निष्काशन बैंक**" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकलाई सम्झनु पर्दछ।

च) "**नियमन निकाय**" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ।

छ) "**संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन**" भन्नाले सानिमा बैंक लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ।

ज) "**बोर्ड**" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

झ) "**आधारभूत शेयरधनी**" भन्नाले कम्पनीको चुक्ता पूँजीको १ प्रतिशत भन्दा बढी शेयर धारण गरेका शेयरधनी भन्ने सम्झनु पर्दछ।

**२. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं तथा क्यापिटलको वेवसाइट www.nicasiacapital.com |
| २. | सानिमा बैक लिमिटेडको रजिष्टर्ड कार्यालय अलकापुरी, नक्साल, काठमाण्डौं तथा सम्पूर्ण शाखा कार्यालयहरु र बैंकको वेवसाइट www.sanimabank.com |

**दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**सर्वसाधारणको हकमा :**

| सि.नं. | सर्वसाधारणहरुले दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |

**व्यक्तिगत तवर (Private Placement) को हकमा :**

| सि.नं. | व्यक्तिगत तवरबाट आवेदन दिने आवेदनकर्ताहरुले दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थानहरु |
|---|---|
| १. | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं। |
| २. | सानिमा बैक लिमिटेडको रजिष्टर्ड कार्यालय अलकापुरी, नक्साल, काठमाण्डौं तथा सम्पूर्ण शाखा कार्यालयहरु। |

साथै व्यक्तिगत तवरबाट आवेदन दिने आवेदनकर्ताहरुले दरखास्त फारम निष्काशन तथा बिक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेडको वेवसाइट www.nicasiacapital.com बाट डाउनलोड गरी बुझाउन सकिने छ।

## (ग) १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र सम्बन्धि ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Deligence Certificate) प्रस्तुत गरेका छौं।

## (ग) २. संगठित संस्थाको उदघोषण :

**क संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीका

साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता वहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ख संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :**

यस कम्पनीले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीबारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले वहन गर्नुपर्नेछ ।

**ग नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम पेश गर्नुपर्ने आ.ब. २०७५/०७६ सम्मका विवरणहरु पेश गरेको हुनाले सो आ.ब. सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**घ संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उदघोषण :**

(१) यस बैंकको संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहनु भएको छैन ।

(२) यस बैंकका संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख रहनु भएको छैन ।

(५) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी अयोग्य रहनु भएको छैन ।

## (ग) ३. संगठित संस्था सम्बन्धी जानकारी :

### क. संगठित संस्थाको पृष्ठभूमी :

१) **संस्थाको नाम** : सानिमा बैंक लिमिटेड (SANIMA BANK LIMITED)

२) **कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३) **संस्थाको रजिष्टर्ड ठेगाना** : बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १, अलकापुरी, नक्सालमा रहेकोछ ।

४) **कारोवार गर्ने मुख्य स्थान** : नक्साल, काठमाण्डौमा बैंकले आफ्नो केन्द्रीय कार्यालय खोली बैंकिङ्ग कारोवार गरिरहेको छ । यसको अतिरिक्त बैंकले नेपाल राष्ट्र बैंकको स्विकृति लिई शाखाकार्यालयहरु खोली नेपालभर देहायका स्थानहरुबाट आफ्नो बैंकिङ्ग कारोवार संचालन गरिरहेको छ । बैंकले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्विकृति लिई भविष्यमा शाखाहरु विस्तार गर्न सक्नेछ ।

| क्र.सं. | उपत्यका बाहिरका शाखाहरु | क्र.सं. | उपत्यका बाहिरका शाखाहरु |
|---|---|---|---|
| १. | अमरगढी, डडेलधुरा | ३४. | मान्मा, कालीकोट |
| २. | अमरसिंह, कास्की | ३५. | म्याडलुङ्ग, तेह्रथुम |

| क्र.सं. | उपत्यका बाहिरका शाखाहरु | क्र.सं. | उपत्यका बाहिरका शाखाहरु |
|---|---|---|---|
| ३. | बगर, कास्की | ३६. | नारायणगढ, चितवन |
| ४. | बनेपा, काभ्रेपलाञ्चोक | ३७. | नौबिसे, धादिङ |
| ५. | बेलबारी, मोरङ | ३८. | नेपालगन्ज, बाँके |
| ६. | भैरहवा, रुपन्देही | ३९. | पोखरा, कास्की |
| ७. | भण्डारा, चितवन | ४०. | राजविराज, सप्तरी |
| ८. | बिदुर, नुवाकोट | ४१. | तानसेन, पाल्पा |
| ९. | बिराटनगर, मोरङ | ४२. | टिकापुर, कैलाली |
| १०. | बिरौटा, कास्की | ४३. | टिमुरे, रसुवा |
| ११. | बिरेन्द्रनगर, सुर्खेत | ४४. | तुलसीपुर, दाङ |
| १२. | वीरगञ्ज, पर्सा | ४५. | भागेश्वर, डडेल्धुरा |
| १३. | विर्तामोड, झापा | ४६. | डुङ्गेश्वर, दैलेख |
| १४. | बुटबल, रुपन्देही | ४७. | मेलुङ्ग, दोलखा |
| १५. | दमक, झापा | ४८. | बाग्मती, मकवानपुर |
| १६. | दमौली, तनँहु | ४९. | पर्सागढी, पर्सा |
| १७. | धादिङबेसी, धादीङ | ५०. | पटेर्वा सुगौली, पर्सा |
| १८. | धनगढी, कैलाली | ५१. | कैलाश, मकवानपुर |
| १९. | धरान, सुनसरी | ५२. | फाकफोकथुम, ईलाम |
| २०. | गाईघाट, उदयपुर | ५३. | उदयपुरगढी, उदयपुर |
| २१. | घोराही, दाङ | ५४. | शिवपुरी, नुवाकोट |
| २२. | हरिवन, सर्लाही | ५५. | चिङगाढ, सुर्खेत |
| २३. | हेटौडा, मकवानपुर | ५६. | किस्पाङ, नुवाकोट |
| २४. | ईलाम, ईलाम | ५७. | कोन्ज्योसोम,ललितपुर |
| २५. | इनरुवा, सुनसरी | ५८. | दिप्रुङ चुईचुम्मा, खोटाङ |
| २६. | ईटहरी, सुनसरी | ५९. | सान्नी त्रिवेणी, कालीकोट |
| २७. | जनकपुर, धनुषा | ६०. | हिमाली, बाजुरा |
| २८. | कलैया, बारा | ६१. | बौनिया, कैलाली |
| २९. | खाँदवारी, सङ्खुवासभा | ६२. | भलवारी, रुपन्देही |
| ३०. | लाहान, सिराहा | ६३. | ताप्लेजुङ, ताप्लेजुङ |
| ३१. | लालबन्दी, सर्लाही | ६४. | कोहलपुर, बाँके |
| ३२. | महेन्द्रनगर, कञ्चनपुर | ६५. | चन्द्रपुर, रौतहट |
| ३३. | माई, ईलाम | | |

| क्र.सं. | उपत्यका भित्रका शाखाहरु | क्र.सं. | उपत्यका भित्रका शाखाहरु |
|---|---|---|---|
| १. | प्रधान कार्यालय, नक्साल, काठमाडौं | १०. | नयाँ बानेश्वर, काठमाडौं |
| २. | चुच्चेपाटी, काठमाडौं | ११. | न्यूरोड, काठमाडौं |
| ३. | एकान्तकुना, ललितपुर | १२. | सातदोबाटो, ललितपुर |
| ४. | गौशाला, काठमाडौं | १३. | सुर्यविनायक, काठमाडौं |
| ५. | गोंगबु, काठमाडौं | १४. | टेकु, काठमाडौं |

| क्र.सं. | उपत्यका भित्रका शाखाहरु | क्र.सं. | उपत्यका भित्रका शाखाहरु |
|---|---|---|---|
| ६. | कलंकी, काठमाडौं | १५. | कान्तिपथ, काठमाडौं |
| ७. | कुमारीपाटी, ललितपुर | १६. | पुतलीसडक, काठमाडौं |
| ८. | महाराजगञ्ज, काठमाडौं | १७. | जोरपाटी, काठमाडौं |
| ९. | नयाँ बजार, काठमाडौं | १८. | गट्ठाघर, भक्तपुर |

**५) कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

(अ) नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्नठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो। सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुर्‍याउदै आएको छ। हाल सम्ममा बैंकले कुल ८३ शाखा, १६ एक्सटेन्सन काउन्टर तथा ८१ एटीएम सञ्जाल, पोस मेशिनहरु र बिप्रेशन एजेन्टहरु मार्फत देशभरीका ग्राहकलाई सेवा दिईरहेको छ। यस बैंकको संस्थापक तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेको ब्यक्तित्वहरु हुनुहुन्छ। साथै बैंकको विगत तीन वर्षको प्रमुख सुचकाङ्क तल उल्लेख गरिएको छ।

**विगत तीन वर्षको प्रमुख सुचकाङ्कहरु :**

| विवरण | | सुचकाङ्क | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|---|---|
| १ | प्रति शेयर आम्दानी | रु | २१.२२ | २८.२२ | २०.१८ |
| २ | शेयर पुंजीमा लाभांश (बोनस सहित) | प्रतिशत | १४.०० | २१.०५ | १३.६० |
| ३ | शेयर पुंजीमा नगद लाभांश भूक्तानी | प्रतिशत | १४.०० | ११.०५ | ३.६० |
| ४ | जोखिम भारित सम्पत्तिमा पुंजीकोषको पर्याप्तता | प्रतिशत | १२.४१ | १३.१९ | १३.०० |
| ५ | तरलता | प्रतिशत | २४.७२ | २२.८७ | २४.०१ |
| ६ | निष्कृय कर्जा/कूल कर्जा | प्रतिशत | ०.०३ | ०.०८ | ०.४५ |
| ७ | इक्विटीमा प्रतिफल | प्रतिशत | १८.६७ | २३.२० | १६.०९ |
| ८ | सम्पत्तिमा प्रतिफल | प्रतिशत | १.८५ | २.०७ | १.४१ |

(आ) सानिमा बैंक लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६१ आषाढ १६ गते दर्ता भई नेपाल राष्ट्र बैंकद्वारा मिति २०६१ मंसिर ११ गते राष्ट्रिय स्तरको "ख" वर्गको डेभलपमेण्ट बैंकको स्वीकृति प्राप्त गरि मिति २०६१ मंसिर २१ गते देखि वित्तीय कारोवार गर्दै आएको यस बैंकले नेपाल राष्ट्र बैंक बाट मिति २०६८ फाल्गुन १ गते "क" वर्गको बाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोवार गर्न इजाजत पत्र प्राप्त गरि मिति २०६८ फाल्गुन ३ गते देखि आफ्नो सेवा संचालन गर्दै आएको छ।

नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, र कम्पनी ऐन २०६३ तथा अन्य प्रचलीत कानूनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय वमोजिम रहेको छ।

(१) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधरणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/वित्तीय सेवा/सुविधा उपलब्ध गराउने,

(२) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्यस्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,

(३) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारी मूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन,प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,

(४) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने र

(५) धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्थाको अधीनमा रहि नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भई सार्वजनिक निष्काशन गरिएको धितोपत्रहरु निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन (Application Supported by Blocked Amount) तथा तत्सम्बन्धी कार्यहरु गर्ने ।

अन्य उद्देश्यहरु बैंकको प्रबन्धपत्रमा उल्लेख भए अनुसार रहेका छन् ।

६) **कम्पनीको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, ईतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

**क) सहायक कम्पनीको नाम:** सानिमा क्यापिटल लिमिटेड

**ख) सहायक कम्पनीका ईतिहास, मुख्य उद्देश्यहरु र भएको लगानीको अंश :**

(१) **सानिमा क्यापिटल लिमिटेड,**

वैंकको पुर्ण स्वामित्वमा स्थापित संस्था सानिमा क्यापिटल लिमिटेड कम्पनि रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०८/२३ मा दर्ता भई सञ्चालनमा आएको र जसको नियमनकारी निकाय नेपाल धितोपत्र वोर्ड रहेको छ । उक्त निकायबाट मिति २०७३/०५/१६ मा अनुमति प्राप्त भई सञ्चालनमा आएको साथै आ.व २०७२/७३ देखि सञ्चालनमा आएको हुँदा आ.व २०७२/७३ देखी कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको र शुरुमा यस क्यापिटलको चुक्तापुँजी रु.११,००,००,०००/-(अक्षरेपी एघार करोड रुपैंया मात्र) कायम रहेकोमा हाल यसको चुक्तापुँजी रु.२५,००,००,०००/-(अक्षरेपी पच्चिस करोड रुपैंया मात्र) रहेको छ ।

कम्पनीले स्थापना कालदेखि नै नियमनकारी निकायको मापदण्ड पूरा गरी श्री नेपाल धितोपत्र बोर्डबाट निक्षेप सदस्य, निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन, शेयर रजिष्ट्रार, प्रत्याभूतिकर्ता तथा श्री सानिमा बैंक लिमिटेड अन्तर्गत सामूहिक लगानी कोष प्रवर्धकको रुपमा कार्य गर्न समेत अनुमति प्राप्त गरेको छ ।

**कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :**

- लागानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा सेवा उपलब्ध गराउने ।
- पुँजीबजारसंग सम्बन्धित सेवाको बिकास बिस्तार गरि सेवा सुविधा उपलब्ध गराउन नेपाल धितोपत्र बोडबाट अनुमति प्राप्त गरि सेवा प्रदान गर्ने ।
- संगठित सस्थाहरुको तर्फबाट धितोपत्रधनिको अभिलेख राख्ने तथा धितोपत्रहरुको नामसारी लगायत शेयर रेजिट्रशन सम्बन्धी अन्य सेवा प्रदान गर्ने ।
- धितोपत्रको खरिद तथा बिक्री गरि बजार निर्माताको रुपमा कार्य गर्ने गराउने ।
- लगानी परामर्श सेवा, सामुहिक लगानी कोष व्यवस्थापन, धितोपत्र दर्ता तथा धितोपत्रको निक्षेप सेवा वा डिपोजिटरि (कस्टोडियन सेवा), धितोपत्र कारोबारको हिसाब राफसाफ गर्ने सम्बन्धी सेवा प्रदान गन गराउने ।
- मर्जर तथा एक्वीजिशन गर्ने कम्पनीहरुको स्वतन्त्र ड्युडेलिजेन्स लगायतका अन्य आवश्यक परामर्श सेवा उपलब्ध गराउने ।
- सामुहिक लगानी कोष (म्युच्युअल फण्ड), ट्रष्टी, डिपोजिटरी, लगानी व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, (एसट मेनेजमन्ट कम्पनी), योजना व्यवस्थापन (फण्ड मेनेजर), आदिको रुपका कार्य गर्ने, गराउने ।

७) **देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म) :**

**क) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

बैंकले प्रदान गर्ने मुख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह, रकमान्तर, रेमिट्यान्स तथा अन्य बैंकिङ्ग सेवाहरु रहेका छन् । साथै बैंकले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

**ख) प्रयोग भएको वा गरिने प्रविधि :**

बैंक सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड क मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न छ ।

**ग) कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

**घ) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

आषाढ मसान्त २०७७ सम्मको तथ्याङ्क अनुसार कुल निक्षेप (विदेशी मुद्राको निक्षेप सहित) को ३.१६% हिस्सा कम्पनीको रहेको छ। साथै कर्जा तथा सापट अन्तर्गत हालसम्म कम्पनीले कुल बजारको ३.२१% हिस्सा ओगटेको छ।

**ङ) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समयसापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ।

**च) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

बैंकको प्रमुख बजार नेपालभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउदै लैजाने बैंकको लक्ष्य रहेको छ।

**छ) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस बैंकले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ।

**ज) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

लागू नहुने।

**झ) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

स्तरीय बैंकिङ्ग सेवाका लागी ग्राहक सेवा बिभाग स्थापना गरि संचालनका साथै ग्राहक गुणासो सुनुवाई डेस्क समेत रहेको।

**ञ) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा बैंकले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ।

**ट) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**

सो नभएको।

**ठ) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** कम्पनीमा सुमधुर औद्योगिक सम्बन्ध रहेको साथै विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य औद्योगिक विवाद नरहेको।

**ड) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

अत्याधिक प्रतिस्पर्धी रहेको हालको वित्तीय बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी वित्तीय व्यवसाय संचालन गरीरहेको। यस सम्बन्धमा बैंकको हालसम्मको प्रगती विवरण लगायत वर्तमान बजारमा बैंकको अवस्था प्रकाशित वित्तीय विवरणहरुमा समेत स्पष्ट रुपमा देखिएको छ।

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्यून कर्जा जोखिम जनाउने "[ICRANP] LA@" ग्रेडिङ्ग प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षीत मानिन्छ। साथै ईक्रा नेपाल लिमिटेडबाट "[ICRANP-IR] A@" ग्रेडिङ्ग प्राप्त यस बैंकलाई समयमा वित्तीय दायित्व पुरा गर्ने तथा कर्जा जोखिम न्यून रहेको संस्थाको रुपमा लिईने हुदाँ समान बजारमा उक्त ऋणपत्र प्रतिस्पर्धी रहेको।

**ढ) प्रमुख ग्राहकहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :**

सो नभएको।

**ण) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तैः संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढिले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :**

सो नभएको।

**ख. सम्पत्तिको विवरण :**

**(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान :**

कम्पनीको आषाढ ३१, २०७७ को सम्पत्ति तथा सम्पत्ति रहेको स्थान तथा अवस्था यसप्रकार रहेको छ।

*(रु हजारमा)*

| विवरण | रकम |
|---|---|
| **सम्पत्ति** | |
| नगद तथा नगद समान | ५,१९०,३०० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने | ५,३२५,६८३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २,८२७,०८७ |
| डेरिभेटिभ वित्तीय उपकरण | ४०,२२१ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४४३,४५३ |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | २,८४४,२१२ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ९०,८५०,३५१ |
| धितोपत्रमा लगानी | १५,०१८,४१९ |
| चालु आयकर सम्पत्ति | ४,२०१ |
| सहायक कम्पनीमा लगानी | २५०,००० |
| सम्बद्ध कम्पनीमा लगानी | - |
| सम्पत्तिमा लगानी | - |
| सम्पत्ति तथा उपकरण | १,१७७,२११ |
| ख्याती र अमुर्त सम्पत्ति | ६०,५४६ |
| स्थगन कर सम्पत्ति | २५,५६५ |
| अन्य सम्पत्ति | २,२५३,७३१ |
| **कूल सम्पत्ति** | **१२६,३१०,९८१** |

उपरोक्त सम्पति यस बैंकको केन्द्रिय कार्यालय एंव शाखाहरुमा अवस्थित रहेको ।

(आ) **बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)** :

माथि उल्लिखित सम्पत्तिहरु आफ्नै स्वामित्वमा रहेको र लिजमा कुनै सम्पत्ति नलिएको ।

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

नभएको ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण** :

यस कम्पनीको सम्पत्तिको पुनर्मुल्यांकन नगरिएको हुँदा किताबी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण** :

लागु नहुने ।

**ग. भावी योजना तथा रणनीति :**

(१) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति** :

**क) नयाँ उत्पादन तथा सेवाहरु** : प्रविधिमा आधारित नवीनतम उत्पादन तथा सेवाहरु ल्याउन बैंक प्रयत्नशील छ । बैकिंग सेवाको पहुँच नपुगेको वा नभएको स्थानमा सरल, सुलभ र भरपर्दो बैकिंग सेवा पुऱ्याउने बैंकको जोड रहने छ ।

**ख) शाखा संजालः** बैंकको पहुंच नभएका ठाउंहरुमा आफनो उपस्थिति जनाउदै लाने उद्देश्यले आवश्यकता अनुसार संजाल बढाउँदै लैजाने बैंकको कार्यक्रम छ ।

**ग) डेविट/क्रेडिट कार्डः** बजारमा आफ्नो बलियो उपस्थितीलाई कायम राख्न आफ्नो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा बैंक लागेको छ । आफनो राष्ट्रिय भुक्तानी संजालमा सदस्य संख्या बढाउदै लैजान बैंक प्रयत्नशील छ । यस बाट बैंकको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्ने छ ।

**घ) एटिएम संजालः** आफ्ना ग्राहकवर्गहरुलाई बढी सुविधा प्रदान गर्ने बैंकको रणनितिअनुरुप उपत्यकाभित्र तथा बाहिर एटिएम जडान गर्दै जाने योजना बैंकको रहेको छ ।

**ङ) सूचना प्रविधिमा आधारित सेवा** :बैंकले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई Value Added Services जस्तै Online Loan Application Processing प्रणालि प्रदान गर्ने ध्येय राखेको छ ।

च) **विप्रेषण** : विप्रेषण व्यवसायमा आफ्नो बजार अंश बढाउँदै लैजान बैंकले आवश्यकता अनुसार देश भरी विप्रेषण वितरक एजेण्ट पुर्‍याउने योजना गरेको छ। बैंकले विप्रेषण प्रयोजनका लागि सानिमा एक्सप्रेस रेमिट मार्फत सेवा पुर्‍याउदै आएको छ। यस्तो विप्रेषण संजाल लाई दुर्गम क्षेत्रहरुसम्म विस्तार गर्ने योजना गरिरहेको छ।

छ) **अन्य व्यवसाय**: बैंकिङ्ग उद्योगमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफ्नो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न बैंकहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने देखिएको छ।

(२) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

स्थापनाकाल देखि नै मुनाफा गर्न सफल रहेको सानिमाले बैंकिङ क्षेत्रमा रहेका विविध प्रतिकुलताका बाबजुद पनि आफ्नो व्यावसाय वृद्धिलाई निरन्तरता दिँदै आएको छ। यस बैंकले आफ्नो व्यापार र व्यवसाय अभिवृद्धि गरी आफ्ना ग्राहकवर्गहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपका बैंकिङ्ग सेवा तथा सुविधाहरु उपलब्ध गराउन सक्ने क्षमता राख्दछ।

बैंक तथा वित्तीय संस्थाको उल्लेख्य उपस्थितिले अर्थतन्त्रमा सकारात्मक प्रभाव पारको छ। सकारात्मक प्रभाव पारेतापनि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय घटनाक्रमहरुमा आउने उतार चढावले यस क्षेत्रलाई प्रभावित गरेको देखिन्छ। हाल COVID 19 को महामारीले विश्वकै अर्थतन्त्रलाई नकारात्मक असर पारेको छ। यस्तो अवस्थामा देशको आर्थिक उन्नती, विकास निर्माण र नयाँ नेपाल निर्माणको लक्ष्यमा अगाडी बढ्ने कार्यमा प्रतिकूलता सिर्जना भएको भएता पनि COVID 19 को प्रभाव सकिए पश्चात् उद्योग, व्यापार, व्यवसाय, कृषि एवं समग्र अर्थतन्त्र चलायमान हुने, उल्लेखित लक्ष्य पुरा गर्न आर्थिक क्रियाकलापले गति लिने र नेपालको आर्थिक बृद्धिदर सहित अन्य सम्बृद्धिका सूचकांकहरु सकारात्मक रहने कुरामा आशावादी हुन सकिन्छ।

नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य व्यवस्था बमोजिम बैंकिङ्ग क्षेत्रमा आएको परिवर्तन, निक्षेपको तरलता तथा बैंकलाई आफ्नो पूँजीमा प्रतिफल कायम राख्ने चुनौती जस्ता कारणहरुले बैंकहरु वीच प्रतिस्पर्धा अझ बढेको छ। सोही कारणले गर्दा यस बैंकले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न आफ्नो दीर्घकालीन रणनीति लागू गरी सोही बमोजिम कार्य गर्दै अघि बढेको छ। बैंकले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने क्रमलाई निरन्तरता दिदैं पूर्व मेची देखि पश्चिम महाकालीसम्म शाखा तथा एटीएम संचालन गर्दै आएको छ। साथै, बैंकले व्यक्तिगत तथा अन्य निक्षेप संकलन, उपभोक्ता बैकिंङ्ग विस्तार तथा पूर्ण वित्तीय सेवा तर्फ जोड दिदै आएको छ। ग्राहकको सन्तुष्टि तथा अनुभवको आधारमा उच्च मूल्याङ्कन गर्दै समय सापेक्ष रुपमा बैंकको कार्य नीति परिवर्तन तथा परिमार्जन गर्दै ग्राहकको पहिलो रोजाईको बैंक बन्ने तथा सोका लागी आवश्यक बैंकको आन्तरिक कार्य प्रणालीलाई थप सरल तथा चुस्त बनाउने नीति अवलम्बन गरेको छ। बैंकले अवलम्बन गरेको यही दीर्घकालीन रणनीतिका कारण बैंकलाई रणनीतिक फाइदा प्राप्त भएको छ र दीर्घकालीन रुपमा बैंकको वित्तीय अवस्था तथा मुनाफा स्थिर राख्नमा ठूलो टेवा पुग्ने विश्वास छ। बैंक आफ्नो आन्तरिक कार्य प्रणाली तथा नियन्त्रण प्रणालीलाई थप चुस्त पार्दै बैंकमा निहित विभिन्न जोखिमहरुलाई अनुशासित रुपमा व्यवस्थापन गरी सन्तुलित वृद्धि कायम गर्ने कुरामा दृढ रहेको छ।

साथै बैंकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी संघ-संगठन, कम्पनी, व्यक्ति र संघ संस्थाहरु, तथा अन्य सवै सरोकारवालाहरु सगँ सुमधुर व्यवसायिक सम्बन्ध कायम राखेको र बैंकको औद्योगिक तथा व्यवसायिक सम्बन्ध समाजका सवै तहमा पारदर्शी र सौहार्दपूर्ण रहेकोले यसलाई निरन्तरता दिइने छ। दिगो आर्थिक विकासको लागि बैंकले विश्वसनीय तवरबाट सदाझै बिशुद्ध बैंकिङ सुबिधा प्रदान गर्दैं सरोकारवालाहरुको हितको संरक्षण गर्दै यस बैंक अगाडी जानेछ।

यस बैंकको २०७७ आषाढ मसान्त सम्म निक्षेप तथा कर्जा तथा सापट देहाय बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | मार्केट शेयर (%) |
|---|---|---|
| १ | निक्षेप | ३.१६ |
| २ | कर्जा तथा सापट | ३.२१ |

घ. **सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

**सञ्चालक समितिको संरचना, सञ्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

बैंकको नियमावलीको नियम १२ मा भएको व्यवस्था अनुसार ६ (छ) जना संचालकहरु रहेको संचालक समिति देहाय बमोजिम रहेको छ :–

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरु मध्येका समूह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित | ३ जना |
| सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने संचालक समूह "ख" बाट मनोनित | २ जना |
| बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था अनुसार स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **६ जना** |

बैंकको नियमावलीको नियम १३ मा भएको व्यवस्था अनुसार संचालक पदमा नियुक्त हुनको लागि कम्तीमा १०० थान शेयर

लिएको हुनुपर्ने छ। तर स्वतन्त्र संचालकको हकमा यो व्यवस्था लागु हुने छैन।

**(ग) ४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१) **अधिकृत पूँजी** : बैंकको अधिकृत पूँजी रु. ९,००,००,००,०००/– (अक्षरेपीः नौ अर्व) रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा ९,००,००,००० (नौ करोड) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

२) **जारी पूँजी** : बैंकको जारी पूँजी रु. ८,८०,१३,८०,९८४/– (अक्षरेपीः आठ अर्व असी करोड तेह्र लाख असी हजार नौ सय चौरासी) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ८,८०,१३,८०९.८४ - (आठ करोड असी लाख तेह्र हजार आठ सय नौ र ८४/१००) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

३) **चुक्ता पूँजी** : बैंकको चुक्ता पूँजी रु. ८,८०,१३,८०,९८४/– (अक्षरेपीः आठ अर्व असी करोड तेह्र लाख असी हजार नौ सय चौरासी) रहेको छ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ८,८०,१३,८०९.८४ - (आठ करोड असी लाख तेह्र हजार आठ सय नौ र ८४/१००) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

**बैंकको स्थापना पश्चात पूँजीमा भएको परिवर्तन सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।**

| आर्थिक वर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी | चुक्ता पूँजी | मिति |
|---|---|---|---|---|
| २०६२/६३ | ६४,००,००,००० | ३२,००,००,००० | १६,३२,००,००० | २०६३/३/१६ |
| २०६३/६४ | ६४,००,००,००० | ३२,००,००,००० | ३२,००,००,००० | २०६४/९/१६ |
| २०६४/६५ | ६४,००,००,००० | ३८,४०,००,००० | ३८,४०,००,००० | २०६४/१२/१३ |
| २०६५/६६ | ७६,८०,००,००० | ७६,८०,००,००० | ७६,८०,००,००० | २०६५/११/१९ |
| २०६६/६७ | २,१०,००,००,००० | ८०,६४,००,००० | ८०,६४,००,००० | २०६६/११/६ |
| २०६७/६८ | २,१०,००,००,००० | २,०१,६०,००,००० | २,०१,६०,००,००० | २०६७/६/१० |
| २०७०/७१ | २,२५,००,००,००० | २,२१,७६,००,००० | २,२१,७६,००,००० | २०७०/८/६ |
| २०७१/७२ | ३,१०,००,००,००० | २,५५,०२,४०,००० | २,५५,०२,४०,००० | २०७१/८/१५ |
| २०७२/७३ | ५,००,००,००,००) | ३,०६,०२,८८,००० | ३,०६,०२,८८,००० | २०७२/६/२८ |
| २०७३/७४ | ९,००,००,००,००० | ६,८९,७६,३४,००० | ६,८९,७६,३४,००० | २०७३/६/२८ |
| २०७४/७५ | ९,००,००,००,००० | ८,००,१२,५५,४४० | ८,००,१२,५५,४४० | २०७४/६/२९ |
| २०७५/७६ | ९,००,००,००,००० | ८,००,१२,५५,४४० | ८,००,१२,५५,४४० | - |
| २०७६/७७ | ९,००,००,००,००० | ८,८०,१३,८०,९८४ | ८,८०,१३,८०,९८४ | २०७६/९/२१ |

**ख) निष्काशन पछिको चुक्ता पूँजी** (**समूहकृत गरिएको अवस्थामा सोही अनुरुप**) :

ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने बैंकको चुक्ता पूँजीको संरचना :

**ऋणपत्रको निष्काशन पुर्व बैंकको चुक्ता पूंजीको संरचनाः**

**शेयर पूँजी**

| समूह | शेयर स्वामित्व | शेयर संख्या | चूक्ता रकम (रु.) | भूक्तानी |
|---|---|---|---|---|
| क. संस्थापक शेयरधनीहरु | ५१.०१% | ४,४८,९७,७४०.६४ | ४,४८,९७,७४,०६३.७५ | १०० प्रतिशत |
| ख. सर्वसाधारण शेयरधनीहरु | ४८.९९% | ४,३१,१६,०६९.२० | ४,३१,१६,०६,९२०.०१ | १०० प्रतिशत |
| **जम्मा** | १००% | ८,८०,१३,८०९.८४ | ८,८०,१३,८०,९८३.७६ | |

**डिबेन्चर**

| समूह | शेयर संख्या | चूक्ता रकम (रु.) | भूक्तानी |
|---|---|---|---|
| रु. १,०००।– अंकित दरको ३,७०,००० कित्ता ७% सानिमा डिबेन्चर–२०७९ | ३,७०,००० | ३७,००,००,००० | १०० प्रतिशत |
| रु. १,०००।– अंकित दरको १,३५४,७१२ कित्ता १०% सानिमा डिबेन्चर–२०८५ | १,३५४,७१२ | १,३५४,७१२,००० | १०० प्रतिशत |
| जम्मा | १,७२४,७१२ | १,७२४,७१२,००० | |

**ऋणपत्र निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको शेयर पूँजी र ऋणपत्र पूँजीको संरचना :**

**शेयर पूँजी**

| समूह | शेयर स्वमित्व | शेयर संख्या | चूक्ता रकम (रु.) | भूक्तानी |
|---|---|---|---|---|
| क. समुह संस्थापक शेयरधनीहरु | ५१.०१% | ४,४८,९७,७४०.६४ | ४,४८,९७,७४,०६३.७५ | १०० प्रतिशत |
| ख.समुह सर्वसाधारण शेयरधनीहरु | ४८.९९% | ४,३१,१६,०६९.२० | ४,३१,१६,०६,९२०.०१ | १०० प्रतिशत |
| जम्मा | १००% | ८,८०,१३,८०९.८४ | ८,८०,१३,८०,९८३.७६ | |

**डिबेन्चर**

| समूह | शेयर संख्या | चूक्ता रकम (रु.) | भूक्तानी |
|---|---|---|---|
| रु. १,०००।– अंकित दरको ३,७०,००० कित्ता ७% सानिमा डिबेन्चर–२०७९ | ३,७०,००० | ३७,००,००,००० | १०० प्रतिशत |
| रु. १,०००।– अंकित दरको १,३५४,७१२ कित्ता १०% सानिमा डिबेन्चर–२०८५ | १,३५४,७१२ | १,३५४,७१२,००० | १०० प्रतिशत |
| रु. १,०००।– अंकित दरको ४०,००,००० कित्ता ८.५० % सानिमा डिबेन्चर–२०८७* | ४०,००,००० | ४,००,००,००,००० | |
| जम्मा | ५७,२४,७१२ | ५७,२४,७१२,००० | |

*यस विवरण मार्फत निष्काशन गर्न लागिएको डिबेन्चर।

ग) **शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

शेयर प्रिमियम नरहेको।

**(ग) ५. संस्थापक/संचालक सम्बन्धी जानकारी :**

क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :

१) **आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि. नं. | नाम | ठेगाना | राष्ट्रियता | उमेर | शेयर संख्या | शैक्षिक योग्यता | व्यवसायीक अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | अरुण कुमार ओझा | खोटाङ्गवजार -७, खोटाङ्ग | नेपाली | ५४ | ६९,८६,८७७ | एम.एस.सी. (जियोलोजी) | सानिमा हाइड्रोपावर प्रा.लि.मा कार्यकारी अध्यक्ष भई कार्य गरेको। हाल सानिमा जुम हाईड्रोपावर प्रा.लि. मा कार्यकारी अध्यक्ष भई कार्य गरिरहेको। विगत २६ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/ व्यवसायमा संलग्न। |

| सि. नं. | नाम | ठेगाना | राष्ट्रियता | उमेर | शेयर संख्या | शैक्षिक योग्यता | व्यवसायीक अनुभव |
|---|---|---|---|---|---|---|---|
| २. | टेकराज निरौला | खैरहनी -८, चितवन | नेपाली | ५७ | ६२,४०,४३७ | एम.एस.सी., सिभिल इन्जीनियरिङ्ग) | विगत २८ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा संलग्न। विगत ७ वर्ष देखि सानिमा माई हाइड्रोपावर लिमिटेडमा संचालक/अध्यक्ष भई कार्य गर्दै आउनु भएको। |
| ३. | डा. निरज गोविन्द श्रेष्ठ | तानसेन -११, पाल्पा | नेपाली | ६० | ५४,७२,९९८ | पि.एच.डी | विगत २९ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सम्लग्न। सानिमा बैंक तथा NCELL को पुर्व संचालक। |
| ४. | जिवनाथ लामिछाने | पदमपुर -२, चितवन | नेपाली | ५४ | ४८,६८,४७१ | एम.एस.सी, सिभिल इन्जीनियरिङ्ग | विगत २७ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सम्लग्न। सानिमा बैंकमा संचालक/अध्यक्ष भई कार्य गरेको। गैरआवसीय नेपाली संघको पुर्व अध्यक्ष। हाल NRN इन्फाक्ष्ट्रक्चर एण्ड डेभलपमेन्ट लि.को कार्यकारी अध्यक्ष भई कार्य गरि रहेको। |
| ५. | विनय कुमार श्रेष्ठ | गोरखकाली न.पा.-१, गोरखा, हालः बुढानिलकण्ठ-८, काठमाण्डौ। | नेपाली | ५४ | ४१,२४,५३३ | एम.एस.सी., सिभिल इन्जीनियरिङ्ग) | विगत २५ औं वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सलंग्न। सानिमा बैंकमा ८ वर्ष भन्दा बढी संचालक/अध्यक्ष भई कार्य गरेको। सानिमा मिडिल तमोर हाइड्रोपावर लि.मा अध्यक्ष। होटल अकामा प्रा.लि.मा संचालक। माथिल्लो मैलुङखोला जलविद्युत लि.मा संचालक। |
| ६. | घनश्याम थापा | खैरहनी -७, चितवन | नेपाली | ४७ | ३४,३४,४९३ | एम.वि.ए | विगत २४ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सम्लग्न। सानिमा माई हाईड्रोपावर लि.मा संचालक। सानिमा लाइफ इन्सुरेन्स लि.मा संचालक। अकामा होटल प्रा.लि.मा संचालक रहेको। |

| सि. नं. | नाम | ठेगाना | राष्ट्रियता | उमेर | शेयर संख्या | शैक्षिक योग्यता | व्यवसायीक अनुभव |
|---|---|---|---|---|---|---|---|
| ७. | खेमराज लामिछाने | पदमपुर -२, चितवन | नेपाली | ५३ | ३१,५४,७४१ | स्नातक | विगत २५ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सम्लग्न। सानिमा माई हाईड्रोपावर लि. र सानिमा लाईफ इन्स्योरेन्स लि.मा संचालक भई कार्य गरि रहेको। |
| ८. | रामकृष्ण शाह | कुमरोज -३, चितवन | नेपाली | ५९ | २२,२५,६३१ | एम.एस.सी. , सिभिल इन्जीनियरिङ्ग | विगत २६ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा संलग्न। सानिमा हाइड्रोपावर लि.को संचालक। |
| ९. | दिलीप श्रेष्ठ | ललितपुर महानगरपालिका -१३, एकान्तकुना | नेपाली | ५९ | १०,७०,८२१ | एम.एस.सी., सिभिल इन्जीनियरिङ्ग | विगत २३ वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सम्लग्न। सानिमा बैंकको पूर्व संचालक। बाभरी कन्स्ट्रक्शन प्रा.लि.मा संचालक भई कार्य गरिरहेको। |
| १०. | अमला इन्भेष्टमेन्ट प्रा.लि. | का.म.पा. काठमाण्डौं, | नेपाली | - | ३४,९४,६१२ | - | - |
| ११. | कर्मचारी संचय कोष | पुल्चोक, ललितपुर | नेपाली | - | २९,९०,७१८ | - | - |
| १२. | जय गणेशइन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | का.म.पा.-३ | नेपाली | - | २३,९२,५७७ | - | - |

२) **संचालकहरुको विवरण :**

बैंकको नियमावलीमा भएको व्यवस्था अनूसार बैंकको संचालक समितिमा छ (६) जना संचालक सदस्यहरु रहेकोमा हाल बैंकको संचालक समितिमा देहाय बमोजिमको प्रतिनिधित्व रहेकोछ।

| क्र. सं. | संचालकको नाम | पद | राष्ट्रियता | ठेगाना | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | विनयकुमार श्रेष्ठ (संस्थापक समूहबाट) | अध्यक्ष | नेपाली | गोरखकाली न.पा.-१, गोरखा, हालः बुढानिलकण्ठ-८, काठमाण्डौ। | ५४ | ४१,२४,५३३ | एम.एस.सी., सिभिल इन्जीनियरिङ्ग | विगत २५ औं वर्ष देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न व्यापार/व्यवसायमा सलंग्न। सानिमा बैंकमा ८ वर्ष भन्दा बढी संचालक/अध्यक्ष भई कार्य गरेको। सानिमा मिडिल तमोर हाइड्रोपावर लि.मा अध्यक्ष। होटल अकामा प्रा.लि.मा संचालक। माथिल्लो मैलुङखोला जलविद्युत लि.मा संचालक। |

| क्र. सं. | संचालकको नाम | पद | राष्ट्रियता | ठेगाना | उमेर | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| २. | तूकप्रसाद पौडेल (संस्थापक समूहबाट) | संचालक | नेपाली | सौडियार-१, दाङ्ग हालः का.म.पा.-२, काठमाण्डौ। | ५५ | ७३,४६० | एम.एस.सी., सिभिल इन्जीनियरिङ्ग | इन्जिनियर, हाइड्रोपावर क्षेत्रमा विगत २७ औंवर्ष देखि संलग्न। स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था(इप्पान) को पूर्व सदस्य। सानिमा हाइड्रो एण्ड इन्जिनियरिङ प्रा.लि.को कार्यकारी अध्यक्ष। |
| ३. | गायत्री थापा (संस्थापक समुहबाट) | संचालक | नेपाली | खैरेनी-७, चितवन हालः का.म.पा.-६, वौद्ध। | ३७ | ७७० | एम.वि.एस | विगत चौध वर्ष देखि सानिमा हाईड्रोपावर लिमिटेडको वित्त विभागमा कार्यरत। तमोर सानिमा इनर्जी प्रा.लि.को अध्यक्ष। |
| ४. | भरत कुमार पोखरेल (सर्वसाधारण समुहबाट) | संचालक | नेपाली | का.म.पा.-३१, नयाँवानेश्वर। | ६४ | ६,५२६ | एम.कम., वि.एल | कृषि विकास बैंकको अधिकृत स्तरका विभिन्न पदमा २५ वर्ष भन्दा बढी कार्य गरि अधिकृत स्तर प्रथम श्रेणीबाट अवकांश लिएको। सानिमा माई हाइड्रोपावर लि.को संचालक। सानिमा बैंकमा संचालक भई ९ वर्षभन्दा बढी कार्य गरेको। |
| ५. | महेश घिमिरे (सर्वसाधारण समुहबाट) | संचालक | नेपाली | विराटनगर-४, मोरङ हालः मध्यपुर थिमी-३, भक्तपुर। | ४६ | १,३७१ | स्नातक (व्यवस्थापन) | निर्माण व्यवसायमा संलग्न। सानिमा माई हाइड्रोपावर लिमिटेडको संचालक। अटोमोबाइल क्षेत्रमा १८ वर्ष भन्दा बढिको अनुभव। |
| ६. | बलराम पराजुली (स्वतन्त्र संचालक) | संचालक | नेपाली | हल्दीबारी-४, झापा हालः बुढानिलकण्ठ न.पा.-१०, काठमाण्डौ। | ६१ | २,३९४ | एम.ए., एम.ए.एफ. | २९ वर्षभन्दा बढी नेपाल राष्ट्र बैंकको विभिन्न विभागमा कार्य गरी निर्देशक पदबाट अवकांश प्राप्त, कृषि विकास बैंकको पदपुर्ति समितिमा रहि कार्य गरेको। स्वेडा लघुवित्त वित्तीय संस्थाको संचालक भई कार्य गरेको एवं स्वेडा इन्भेष्टमेन्ट लिमिटेडको संचालक रहेको। |

३) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

| सि नं. | संस्थाको नाम | ठेगाना | शेयर संख्या | सञ्चालकहरुको नाम र ठेगाना | संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| १. | अमला इन्भेष्टमेन्ट प्रा.लि., | का.म.पा. काठमाण्डौं | ३४,९४,६१२ | १. अरुण कुमार ओझा<br>(बुढानिलकण्ठ न.पा. वडा नं ३, काठमाण्डौं) | २०६४ साल भाद्र १८ गते प्रा. लि. कम्पनीको रुपमा दर्ता भई बिभिन्न संस्थाहरुको शेयरमा लगानी साथै घरजग्गा खरीद विक्री गर्दै आएको । |
| २. | कर्मचारी संचय कोष | पुल्चोक, ललितपुर | २९,९०,७१८ | १. शिशिर कुमार ढुङ्गाना<br>(नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं)<br>२. डा. जिवन कुमार भट्टराई<br>(त्रिभूवन विश्व विद्यालय, काठमाण्डौं)<br>३. झक्क प्रसाद आचार्य<br>(नेपाल सरकार अर्थ मन्त्रालय, सिंहदरवार, काठमाण्डौं)<br>४. ध्रुवराज खत्री<br>(सैनिक मुख्यालय, भद्रकाली, काठमाण्डौं)<br>५. महेन्द्र कुमार पोखरेल<br>(प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं)<br>६. किरण कुमार श्रेष्ठ<br>(राष्ट्रिय बाणिज्य बैंक, रामशाह पथ, काठमाण्डौं)<br>७. तुलसि प्रसाद गौतम<br>(कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर) | २०१६ सालमा स्थापना भई सरकारी तथा नीजि क्षेत्रका कर्मचारीहरुको सञ्चित रकमको व्यवस्थापन गर्दै आएको । |
| ३. | जय गणेश इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | का.म.पा.-३ काठमाण्डौं, जोरपाटि का.म.पा.-६ | २३,९२,५७७ | १. सोनाम ग्याछो<br>(का.म.पा. वडा नं ३, पानीपोखरी, काठमाण्डौं)<br>२. नामखाङ्ग लामा<br>(रामेछाप जिल्ला गुम्देल गा.बि.स. वडा नं ६, हाल का.म.पा. वडा नं ६) | २०६४ साल मंसिर २० गते प्रा. लि. कम्पनिको रुपमा दर्ता भई बैंक तथा वित्तीय संस्था तथा अन्य कम्पनीहरुको शेयरमा लगानी गदै आएको । |

४) संगठित संस्थाको सञ्चालकहरु अन्य कूनै कम्पनी, संस्था, कोष, संगठनसँग आबद्ध भए त्यस्तो सञ्चालक र आबद्ध भएको संस्थाको नाम, ठेगाना :

| सि.नं | सञ्चालकको नाम र ठेगाना | आबद्ध रहेको संस्थाको नाम र ठेगाना |
|---|---|---|
| १. | विनयकुमार श्रेष्ठ<br>गोरखकाली गा.वि.स.-१, गोरखा, हालः बुढानिलकण्ठ -८, काठमाण्डौ | १. सानिमा प्रा.लि., काठमाण्डौ<br>२. सानिमा मिडिल तमोर हाईड्रोपावर लि., काठमाण्डौ<br>३. सानिमा हाइड्रोपावर लि., काठमाण्डौ<br>४. सानिमा माई हाईड्रोपावर लि., काठमाण्डौ<br>५. अकामा होटल प्रा.लि., काठमाण्डौ<br>६. सानिमा लाईफ इन्स्योरेन्स लि., काठमाण्डौ<br>७. सानिमा इन्स्योरेन्स कम्पनी लि., काठमाण्डौ<br>८. बाभरी कन्ष्ट्रक्शन प्रा.लि., काठमाण्डौ ।<br>९. सानिमा हाईड्रो एण्ड ईन्जिनियरीङ प्रा.लि., काठमाण्डौ । |

| सि.नं | सञ्चालकको नाम र ठेगाना | आबद्ध रहेको संस्थाको नाम र ठेगाना |
|---|---|---|
| २ | तुकप्रसाद पौडेल<br>सौडियार -१, दाङ्ग<br>हालः का.म.पा.-२, काठमाण्डौ | १. फण्ड फर हाईड्रो इन्भेष्टमेन्ट प्रा.लि., काठमाण्डौ<br>२. सानिमा हाईड्रो एण्ड ईन्जिनियरीङ प्रा.लि., काठमाण्डौ<br>३. दाचा इन्भेष्टमेन्ट प्रा.लि., काठमाण्डौ। |
| ३. | गायत्री थापा<br>खैरहनि-७, चितवन<br>हालः का.म.पा.-६, वौद्ध | १. तमोर सानिमा इनर्जी प्रा.लि., काठमाण्डौ।<br>२. सानिमा हाइड्रोपावर लि., काठमाण्डौ। |
| ४. | भरत कुमार पोखरेल<br>का.म.पा.-३१, नयाँवानेश्वर | १. सानिमा माई हाईड्रोपावर लि., काठमाण्डौ<br>२. बाभरी कन्स्ट्रक्शन प्रा.लि., काठमाण्डौ। |
| ५. | महेश घिमिरे<br>विराटनगर-३, मोरङ<br>हालः मध्यपुर थिमी-३, भक्तपुर | १. सानिमा माई हाईड्रोपावर लि., काठमाण्डौ<br>२. बाभरी कन्स्ट्रक्शन प्रा.लि., काठमाण्डौ<br>३. मेघा बैंक लि. र सनराईज बैंकको संस्थापक शेयरधनी रहेको<br>४. सानिमा लाईफ इन्सुरेन्स लि.को संस्थापक शेयरधनी रहेको |
| ६. | बलराम पराजुली<br>हल्दीबारी-४, झापा<br>हालः बुढानिलकण्ठ न.पा.-१०, काठमाण्डौ | १. स्वेडा इन्भेष्टमेन्ट कम्पनी लिमिटेड। |

साथै, सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) छ को पूर्ण पालना गरिएको उद्घोष गर्दछौं।

**५. संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

**यस बैंकको प्रवन्धपत्र/नियमावलीमा शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः**

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई बैंकको शेयर कूनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनूपातमा परिवर्तन गर्न पाइने छैन ।

(ग) बैंकले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपूगेसम्म यो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाइने छैन र उक्त अवधिपछि त्यस्तो शेयर विक्री गर्दा वा धितोबन्धक राख्नू पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनू पर्नेछ ।

तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरुलाई दिनू पर्नेछ । सो समूहका कूनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर सञ्चालक समितिको निर्णय बमोजिम प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशनको अधिनमा रहि अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(घ) बैंकका सञ्चालक, कार्यकारी प्रमूख, लेखापरीक्षक, सचिव वा बैंकको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको बखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म बैंक वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

(ङ) कसैले खण्ड (घ) को विपरित काम गरेमा त्यस्तो शेयर बैंकले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर सञ्चालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री वितरण गर्न सक्नेछ ।

(च) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानून र धितोपत्र कारोबार सम्वन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए वमोजिम हुनेछ ।

(छ) बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका शेयरधनीहरुले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पुर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम हूनेछ ।

**ख. संस्थापक/सञ्चालकसँगको कारोवार :**

**अ) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**आ) बुँदा (अ) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**

सो नभएको ।

## (ग) ६. सिमित दायित्व सम्बन्धी विवरण :

यो बैंक कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सिमित छ । यस बैंकका शेयरवालाहरुको दायित्व निजहरुले खरिद गरेको शेयरको अंकित मूल्य सम्म मात्र सिमित हुनेछ । ऋणपत्रको हकमा ऋणपत्र वालाहरुले खरिद गरेको ऋणपत्रको भुक्तानी गर्ने दायित्व बैंकको हुनेछ ।

## (ग) ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**१) संगठित संस्थाको उच्च ब्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरुको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने सम्बन्धी विवरण:**

| क्र.सं. | नाम | ठेगाना | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | शेयर स्वामित्व | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | भुवन कुमार दहाल | चन्द्रनिगाहपुर-०८, रौतहट | प्रमूख कार्यकारी अधिकृत | एम. बि. ए. | २०७०/०३/१६ | - | नबिल बैंक तथा सानिमा बैंकमा गरी वित्तीय तथा योजना, लगानी तथा संचालन क्षेत्रमा २८ वर्षको कार्य अनुभव । |
| २. | तेज बहादुर चन्द | भद्रपुर-०२, डडेलधुरा | नायब प्रमूख कार्यकारी अधिकृत | एम. बि. ए. | २०६३/०७/२० | ७५६ | स्टान्डर्ड चार्टड बैंक, नेपाल एसं बि. आई बैंक, एन आई सी एसिया बैंक तथा सानिमा बैंकमा गरी कर्जा ,जोखिम तथा संचालन क्षेत्रमा २९ वर्षको कार्य अनुभव । |
| ३. | निश्चल राज पाण्डे | डिल्लीबजार, धोवीधारा, काठमाण्डौं | सहायक प्रमूख कार्यकारी अधिकृत | एम. बि. ए. | २०७०/०५/०२ | - | नबिल बैंक तथा सानिमा बैंकमा गरी जोखिम, संचालन तथा कर्जा क्षेत्रमा २४ वर्षको कार्य अनुभव । |

| क्र. सं. | नाम | ठेगाना | पद | शैक्षिक योग्यता | नियुक्ति मिति | शेयर स्वामित्व | अनुभव |
|---|---|---|---|---|---|---|---|
| ४. | बबि सिंह गढतौला | नक्साल, काठमाण्डौं | सहायक प्रमूख कार्यकारी अधिकृत | एम. बि. ए. | २०६६/०२/१७ | - | स्टान्डर्ड चार्टर्ड बैंक तथा सानिमा बैंकमा गरी कर्जा, संचालन तथा निक्षेप परिचालनमा २८ वर्षको कार्य अनुभव। |
| ५. | पवन कुमार आचार्य | मानभवन-५/९८ घ, काठमाण्डौं | सहायक प्रमूख कार्यकारी अधिकृत | एम. बि. ए. तथा बि. ई | २०६०/११/१८ | ८२,८५० | सानिमा बैंक, बिभोर इनभेस्टमेन्ट र नेपाल वायन इलेक्ट्रिकमा गरी प्रविधि, जोखिम तथा कर्जा क्षेत्रमा २० वर्षको कार्य अनुभव। |
| ६. | सरोज गुरागाई | सुनाकोठी, ललितपुर | सहायक महाप्रबन्धक | एम. बि. ए तथा सि.ए | २०६८/११/२१ | ९,४६३ | राष्ट्रिय बाणिज्य बैंक, एन आई सी एसिया बैंक तथा सानिमा बैंकमा गरी ट्रेजरी, वित्त व्यवस्थापन तथा योजना तथा कर्जा क्षेत्रमा १५ वर्षको कार्य अनुभव। |
| ७. | सुजित ढकाल | एकान्तकुना ललितपुर | सहायक महाप्रबन्धक | एम. बि. ए. | २०७०/०५/१६ | - | नबिल बैंक, मेगा बैंक तथा सानिमा बैंकमा गरी कर्जा, जोखिम तथा संचालन क्षेत्रमा २३ वर्षको कार्य अनुभव। |
| ८. | राजु कृष्ण श्रेष्ठ | गोंगबु समाखुसि | वरिष्ठ प्रबन्धक | एम. बि. एस. | २०७०/११/२८ | २,१७२ | नबिल बैंक, मेगा बैंक तथा सानिमा बैंकमा गरी बैंकिङ्ग संचालन क्षेत्रमा ३० वर्षको कार्य अनुभव। |

उल्लेखित अधिकृत कर्मचारीहरु अन्य कुनै सूचीकृत संगठित संस्थाको वा अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी नरहेको जानकारी गराउन चाहन्छौ।

२) **विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** नभएको।

३) **कर्मचारी संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य**

| स्थायी | करार | परीक्षणकाल | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ९४३ | २१ | ११६ | - | - | १०८० |

**(ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

१) **सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः**

क. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने बैठक भत्ता प्रति बैठक रु. १३,०००/– (तेह्र हजार) र संचालकहरुले पाउने बैठक भत्ता प्रति बैठक रु. १२,०००/– (बाह्र हजार) रहेको छ। साथै सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरुलाई दैनिक, साप्ताहिक समाचारपत्र, बैंक तथा वित्त सम्बन्धी विषयका राष्ट्रिय तथा अन्तर राष्ट्रिय क्षेत्रबाट प्रकाशित हुने Magazine, Periodicals तथा अन्य टेलिफोन, इन्टरनेट, पत्र–पत्रिका आदि सेवाका निमित मासिक रु. १२,०००/- (बाह्र हजार) उपलब्ध गराइनेछ।

ख. बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः

(अ) **दैनिक भत्ता** : बैंकको कामको सिलसिलामा बैंकको अध्यक्ष/संचालक बैंकको रजिष्टर्ड कार्यालय रहेको स्थान बाहिर जानुपर्ने स्थिति आएमा संचालकले देहाय बमोजिमको दैनिक भत्ता पाउने छ।

**क) नेपाल भित्र**

क. होटल बसाई रु. ५०००/– प्रति दिन। बिल पेश गरेको आधारमा। बिल पेश नगरेमा रु.२,५०० /-

ख. खाना खर्च रु. २,५००/– प्रति दिन,

ग. फुटकर खर्च रु. १०००/– प्रति दिन,

**ख) विदेशमा**

१) **भारतमा** :

क. होटल बसाई भारतीय रु. ५०००/– प्रति दिन। बिल पेश गरेको आधारमा। बिल पेश नगरेमा रु.२,५०० /-

ख. खाना खर्च भारतिय. रु. २,५००/– प्रति दिन,

ग.फुटकर खर्च भारतिय रु.. १०००/– प्रति दिन,

**ग) भारत वाहेक**

१) **सार्क राष्ट्र** :

क. होटल बसाई यु.एस.डलर १२५ प्रति दिन,

ख. खाना तथा फुटकर खर्च यु.एस.डलर १०० प्रति दिन,

२) **अन्य मुलुक** :

क. होटल बसाई : राजधानी एव महानगर यु.एस.डलर २५० तथा अन्य सहरमा यु.एस.डलर २०० प्रति दिन,

ख. खाना तथा फुटकर खर्च यु.एस.डलर १५० (युरोप र अमेरीका) प्रति दिन, । अन्य मुलुकमा यु.एस.डलर १०० प्रतिदिन।

(आ) **भ्रमण भत्ता** : संचालकहरुले बैंकको कामको सिलसिलामा पाउने यातायात, होटल, खाजा खर्च, लगायतका भ्रमण संग सम्बन्धित अन्य सुविधाहरु देहाय बमोजिम हुनेछ।

क) हवाई टिकट तथा सम्बन्धित एअरपोर्ट कर : नेपाल भित्र वा बिदेशमा जुनसुकै स्थानको लागि ब्यापारिक तहको टिकट तथा करको बास्तबिक लागत ;

ख) स्थल मार्गबाट भ्रमण गर्दा सवारी साधनको बास्तविक भाडा/खर्च।

२) **संगठित संस्थाको उच्च ब्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम** :

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) * (२०७६/०४/०१ देखी २०७७/०३/३१ सम्म) |
|---|---|---|---|
| १. | भुवन कुमार दाहाल | प्रमुख कार्यकारी अधिकृत | १४,६१४,६००.०० |
| २. | तेजबहादुर चन्द | नायव प्रमुख कार्यकारी अधिकृत | ९,४८६,०७५.०० |
| ३. | निश्चल राज पाण्डे | सहायक प्रमुख कार्यकारी अधिकृत | ५,००९,७५७.५० |

*बोनश बाहेक

३) **कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण:** हालसम्म त्यस्तो कुनै करार गरिएको छैन ।

(ग) ८. **अन्तर्निहित जोखिम तथा सोको ब्यवस्थापनका लागि ब्यवस्थापनको धारणा:**

कम्पनीको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

(१) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(२) नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

लागू नहुने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

(१) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

(२) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** लागू नहुने ।

(ङ) **विदेशी विनिमयको जोखिम :**

(१) देशको बैंदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** लागू नहुने ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

(१) अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखिम:**

(१) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।

(२) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **सञ्चालन ईतिहासको अभाव :**

यस बैंकले निरन्तर १६ वर्ष देखि बैकिङ्ग सेवा प्रदान गरी आइरहेको छ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**

बैकिङ्ग प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ । साथै बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको ।

(ट) **अन्य :**

(१) बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

(२) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

(३) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

(४) बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ :**

बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु. १,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्र मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

## (ग) ९. वित्तीय विवरण :

### क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

**(१) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँट, नगद प्रवाह विवरण :**

**वासलात (आषाढ ३१, २०७७)**

*(रु. हजारमा)*

| विवरण | रकम |
|---|---|
| **सम्पत्ति** | |
| नगद तथा नगद समान | ५,१९०,३०० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने | ५,३२५,६८३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | २,८२७,०८७ |
| डेरिभेटिभ वित्तीय उपकरण | ४०,२२१ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४४३,४५३ |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | २,८४४,२१२ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ९०,८५०,३५१ |
| धितोपत्रमा लगानी | १५,०१८,४१९ |
| चालु आयकर सम्पत्ति | ४,२०१ |
| सहायक कम्पनीमा लगानी | २५०,००० |
| सम्बद्ध कम्पनीमा लगानी | - |
| सम्पत्तिमा लगानी | - |
| सम्पत्ति तथा उपकरण | १,१७७,२११ |
| ख्याती र अमुर्त सम्पत्ति | ६०,५४६ |
| स्थगन कर सम्पत्ति | २५,५६५ |
| अन्य सम्पत्ति | २,२५३,७३१ |
| **कूल सम्पत्ति** | **१२६,३१०,९८१** |
| **दायित्व** | |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न वाँकी | ३,२७५,९७५ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी | ८६,२९२ |
| डेरिभेटिभ वित्तीय उपकरण | - |
| ग्राहकको निक्षेप | १०७,२५०,२०३ |
| सापटी | - |
| चालु आयकर दायित्व | - |
| व्यवस्था | ३२,४२९ |
| स्थगन कर दायित्व | - |
| अन्य दायित्व | १,१२२,७६५ |
| जारी गरिएको ऋणपत्र | १,७२४,७१२ |

| विवरण | रकम |
|---|---|
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - |
| **कूल दायित्व** | **११३,४९२,३७६** |
| **इक्विटी** | |
| शेयर पूँजी | ८,८०१,३८१ |
| शेयर प्रिमियम | - |
| संचित मुनाफा | १,१९७,०३८ |
| जगेडा कोषहरु | २,८२०,१८६ |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी** | **१२,८१८,६०५** |
| **गैर नियन्त्रित स्वार्थ** | - |
| **कूल इक्विटी** | **१२,८१८,६०५** |
| **कूल दायित्व र इक्विटी** | **१२६,३१०,९८१** |
| संभावित दायित्व तथा प्रतिबद्धता | २७,३१६,७७४ |
| प्रति शेयर खुद सम्पत्ति | १४५.६४ |

**नाफा-नोक्सान हिसाब** (आ.व. २०७६/७७)

*(रु हजारमा)*

| विवरण | रकम |
|---|---|
| व्याज आम्दानी | ११,४६९,७२५ |
| व्याज खर्च | ७,२८०,०३१ |
| **खुद व्याज आम्दानी** | **४,१८९,६९४** |
| शुल्क तथा कमिशन आम्दानी | ६९८,२५६ |
| शुल्क तथा कमिशन खर्च | ७८,५३० |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **६१९,७२५** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | **४,८०९,४२०** |
| खुद व्यापारिक आम्दानी | ४२०,६५८ |
| अन्य संचालन आम्दानी | ५९,७३० |
| **जम्मा संचालन आम्दानी** | **५,२८९,८०७** |
| कर्जा तथा अन्य नोक्सानी व्यवस्था/फिर्ता | ७९७,०२५ |
| **खुद संचालन आम्दानी** | **४,४९२,७८३** |
| **संचालन खर्च** | |
| कर्मचारी खर्च | १,२३४,६८९ |
| अन्य संचालन खर्च | ५७२,७०६ |
| ह्रास कट्टी तथा परिषोधन | १५५,५३५ |
| **संचालन मुनाफा** | **२,५२९,८५३** |
| गैर संचालन आम्दानी | १,४१० |
| गैर संचालन खर्च | १,५२० |
| **आय कर अघिको मुनाफा** | **२,५२९,७४२** |
| आयकर खर्च | |

| विवरण | रकम |
|---|---|
| चालु कर | ७५१,७२७ |
| स्थगन कर | १,७५१ |
| **यस अवधिको मुनाफा** | **१,७७६,२६५** |
| **प्रति शेयर आम्दानी** | |
| आधारभुत प्रति शेयर आम्दानी | २०.१८ |
| डाइलुटेड प्रति शेयर आम्दानी | २०.१८ |

**नगद प्रवाहको विवरण** (आ.व. २०७६/७७)

*(रु हजारमा)*

| विवरण | रकम |
|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| व्याज आम्दानी | १०,८८०,९५६ |
| शुल्क तथा अन्य आम्दानी | ६९५,२९८ |
| लाभांश प्राप्ती | - |
| अन्य कारोवार संचालनबाट प्राप्ती | ४२३,५३६ |
| व्याज खर्च | (७,२८६,०००) |
| कमिशन तथा शुल्क खर्च | (७८,५३०) |
| कर्मचारी खर्च | (१,१८४,१७६) |
| अन्य खर्च | (५६०,७३३) |
| **संचालन सम्पत्ति तथा दायित्व परिवर्तन अघिको संचालन नगद प्रवाह** | **२,८९०,३५१** |
| **संचालन सम्पत्तिमा घट/(बढ)** | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | (२,५४४,४८९) |
| बैंक तथा वित्तिय संस्थाहरुमा रहेको मौज्दात | (१,९९९,३८५) |
| अन्य व्यापारिक सम्पत्ति | ४७,१६९ |
| बैंक तथा वित्तिय संस्थाहरुलाई दिइएको कर्जा तथा सापटी | (८२३,७९१) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटी | (१०,२२८,५१५) |
| अन्य सम्पत्ति | ७८,४८७ |
| | |
| **संचालन दायित्वमा (घट)/बढ** | |
| बैंक तथा वित्तिय संस्थाहरुलाई तिर्न वाँकी रकम | (४१८,४८४) |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी रकम | (९३२,६२७) |
| ग्राहकको निक्षेप दायित्व | १७,८७६,४७४ |
| ऋण सापटी | - |
| अन्य दायित्व | (१३४,०३४) |
| कारोबार संचालनबाट कर भुक्तानी अघिको खुद नगद प्रवाह | **३,८११,१५६** |
| आयकर भुक्तानी | (७८२,४५१) |
| **कारोबार संचालनबाट खुद नगद प्रवाह** | **३,०२८,७०५** |
| **लगानी कारोवारमा नगद प्रवाह** | |

| विवरण | रकम |
|---|---|
| धितोपत्र लगानी खरिद | (१,४०७,२२९) |
| धितोपत्र लगानी विक्रिबाट प्राप्त | - |
| सम्पत्ति तथा उपकरण खरिद | (१८७,८३५) |
| सम्पत्ति तथा उपकरण विक्रिबाट प्राप्त | ५,६०९ |
| अमूर्त सम्पत्ति खरिद | - |
| अमूर्त सम्पत्ति विक्रीबाट प्राप्त | ९,७७४ |
| सम्पत्तिमा गरिएको लगानी | - |
| सम्पत्तिमा गरिएको लगानी विक्रीबाट प्राप्त | - |
| व्याज आम्दानी | - |
| लाभांश आम्दानी | ५२,०६१ |
| **लगानी कारोवारमा खुद नगद प्रवाह** | **(१,५२७,६२०)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| ऋणपत्र निष्काशनबाट प्राप्त | - |
| ऋणपत्र भुक्तानी | - |
| सुरक्षण नराखिएको दायित्वको निष्काशनबाट प्राप्त | - |
| सुरक्षण नराखिएको दायित्व भुक्तानी | - |
| शेयर निष्काशनबाट प्राप्त | - |
| लाभांश भुक्तानी | (८८४,३४९) |
| व्याज भुक्तानी | - |
| अन्य आम्दानी र भुक्तानी | (६२,८५८) |
| **वित्तिय कारोवारबाट खुद नगद प्रवाह** | **(९४७,२०८)** |
| **नगद तथा नगद समानमा भएको कमी/(वृद्धि)** | **५५३,८७७** |
| श्रावण १ २०७६ मा नगद तथा नगद समान मौज्दात | ४,६३६,४२२ |
| विनिमय दरमा भएको फरकबाट नगद तथा नगद समानमा असर | - |
| **आषाढ मसान्त २०७७ मा नगद तथा नगद समान मौज्दात** | **५,१९०,३००** |

नोटः *NFRS* अनुसार वित्तीय विवरण तयार पारिएको हुनाले नाफा नोक्सान बाँडफाँड हिसाब संलग्न नहुने ।

(ख) **संचालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :**

बैंकको आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ सम्मको लेखापरीक्षण भएको आषाढ मसान्तको वित्तीय विवरण निम्न बमोजिम रहेको छ ।

(अ) **समष्टिकृत वित्तीय विवरण**

**वासलात**

*(रु हजारमा)*

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४,५३१,९०१ | ४,७७९,९९५ | ५,२५५,८११ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने | ५,६०८,१७२ | २,७८१,१९४ | ५,३२५,६८३ |

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६४९,१५७ | ८२७,७०२ | २,८९६,०८७ |
| डेरिभेटिभ वित्तीय उपकरण | - | ८५,०६७ | ४०,२२१ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४९४,८५९ | ५७२,६५१ | ५३१,४९३ |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | १,६४५,२२३ | २,०२०,४२० | २,८४४,२१२ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ६७,५९८,१३३ | ८१,४१८,९०६ | ९०,८५०,३५१ |
| धितोपत्रमा लगानी | ९,६१५,७३२ | १३,६४२,९३८ | १५,०५१,९५७ |
| चालु आयकर सम्पत्ति | - | - | ५,७४१ |
| सहायक कम्पनीमा लगानी | - | - | - |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्तिमा लगानी | - | - | - |
| सम्पत्ति तथा उपकरण | ८८९,५०२ | १,१५७,०४८ | १,१८२,१५६ |
| ख्याती र अमुर्त सम्पत्ति | ५८,१४० | ७१,४९० | ६१,२८७ |
| स्थगन कर सम्पत्ति | ५०,६०५ | १५,५९५ | २४,६२९ |
| अन्य सम्पत्ति | ६८९,९५२ | १,६५६,७४७ | २,१७४,४१२ |
| **कूल सम्पत्ति** | **९१,८३१,३७६** | **१०९,०२९,७५३** | **१२६,२४४,०४१** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न वाँकी | १,३४६,९५९ | ३,६९४,४५८ | ३,२७५,९७५ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी | ३५८,९५० | १,०१८,९२० | ८६,२९२ |
| डेरिभेटिभ वित्तीय उपकरण | १८,८५१ | - | - |
| ग्राहकको निक्षेप | ७७,८०५,३१८ | ८९,२२९,७१६ | १०७,०७६,१७५ |
| सापटी | - | - | - |
| चालु आयकर दायित्व | ६९,५७१ | २२,५३८ | - |
| व्यवस्था | १२,५७३ | २७,४०१ | ३२,४७८ |
| स्थगन कर दायित्व | - | - | - |
| अन्य दायित्व | १,०४०,३०७ | १,२८७,८११ | १,२०४,३९२ |
| जारी गरिएको ऋणपत्र | ३७०,००० | १,७२४,७१२ | १,७२४,७१२ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - |
| **कूल दायित्व** | **८१,०२२,५२९** | **९७,००५,५५६** | **११३,४००,०२४** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ८,००१,२५५ | ८,००१,२५५ | ८,८०१,३८१ |
| शेयर प्रिमियम | - | - | - |
| संचित मुनाफा | १,१५६,६६० | १,७८५,९६४ | १,२१८,२१६ |
| जगेडा कोषहरु | १,६५०,९३२ | २,२३६,९७८ | २,८२४,४२० |
| **शेयर धनीहरुलाई वाँडफाँड योग्य कूल इक्विटी** | **१०,८०८,८४७** | **१२,०२४,१९७** | **१२,८४४,०१६** |
| **गैर नियन्त्रित स्वार्थ** | - | - | - |
| **कूल इक्विटी** | **१०,८०८,८४७** | **१२,०२४,१९७** | **१२,८४४,०१६** |

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| **कूल दायित्व र इक्विटी** | **९१,८३१,३७६** | **१०९,०२९,७५३** | **१२६,२४४,०४१** |
| संभावित दायित्व तथा प्रतिबद्धता | २९,००४,३२९ | २१,९३५,७३४ | २७,३१६,७७४ |
| प्रति शेयर खुद सम्पत्ति | १३५.०९ | १५०.२८ | १४५.९३ |

**समष्टिकृत नाफा–नोक्सान हिसाव**

*(रु हजारमा)*

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| व्याज आम्दानी | ८,१२९,०३५ | १०,७६९,८०७ | ११,४८३,५७० |
| व्याज खर्च | ५,०९०,०७२ | ६,५४६,६४२ | ७,२७५,२२८ |
| **खुद व्याज आम्दानी** | **३,०३८,९६३** | **४,२२३,१६४** | **४,२०८,३४१** |
| शुल्क तथा कमिशन आम्दानी | ७२७,६८४ | ८२३,२२४ | ७३२,३६७ |
| शुल्क तथा कमिशन खर्च | ५०,१५२ | ७४,९८८ | ७९,८०९ |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **६७७,५३२** | **७४८,२३७** | **६५२,५५८** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | **३,७१६,४९५** | **४,९७१,४०१** | **४,८६०,८९९** |
| खुद व्यापारिक आम्दानी | २९३,४१५ | ४१५,६३४ | ४१९,८८६ |
| अन्य संचालन आम्दानी | १५,५३८ | २५,५८९ | २८,८५५ |
| **जम्मा संचालन आम्दानी** | **४,०२५,४४८** | **५,४१२,६२३** | **५,३०९,६४०** |
| कर्जा तथा अन्य नोक्सानी व्यवस्था/फिर्ता | २३९,२१८ | २१८,२३८ | ७९७,०२५ |
| **खुद संचालन आम्दानी** | **३,७८६,२३०** | **५,१९४,३८५** | **४,५१२,६१५** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ८७९,०६४ | १,२७५,२५८ | १,२४७,९०६ |
| अन्य संचालन खर्च | ३९०,६८४ | ५२१,७४७ | ५७८,३५० |
| ह्रास कट्टी तथा परिशोधन | १०७,५३४ | १४१,०४५ | १५७,३३३ |
| **संचालन मुनाफा** | **२,४०८,९४९** | **३,२५६,३३४** | **२,५२९,०२६** |
| गैर संचालन आम्दानी | ९१४ | ३,३६१ | १,४१० |
| गैर संचालन खर्च | ७३४ | ६,९९९ | १,७६६ |
| **आय कर अधिको मुनाफा** | **२,४०९,१२८** | **३,२५२,६९६** | **२,५२८,६७०** |
| आयकर खर्च | | | |
| चालु कर | ७७७,५२७ | ९७४,८८५ | ७५८,८९० |
| स्थगन कर | (५६,४९३) | ४,२४५ | २,७९४ |
| **यस अवधिको मुनाफा** | **१,६८८,०९४** | **२,२७३,५६७** | **१,७६६,९८६** |
| बैंकको शेयरधनी | १,६८८,०९४ | २,२७३,५६७ | १,७६६,९८६ |
| गैर नियन्त्रित स्वार्थ | - | - | - |
| **यस वर्ष मुनाफा** | **१,६८८,०९४** | **२,२७३,५६७** | **१,७६६,९८६** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी | २१.१ | २८.४२ | २०.०८ |

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| डाइलुटेड प्रति शेयर आम्दानी | २१.१ | २८.४२ | २०.०८ |

(आ) **बैंकको वित्तीय विवरण**

**वासलात**

*(रु. हजारमा)*

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४,५३०,१५२ | ४,६३६,४२२ | ५,१९०,३०० |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने | ५,६०८,१७२ | २,७८१,१९४ | ५,३२५,६८३ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ६४९,१५७ | ८२७,७०२ | २,८२७,०८७ |
| डेरिभेटिभ वित्तीय उपकरण | - | ८५,०६७ | ४०,२२१ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४७८,०४८ | ४८४,४२२ | ४४३,४५३ |
| बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी | १,६४५,२२३ | २,०२०,४२० | २,८४४,२१२ |
| ग्राहकलाई दिएको कर्जा तथा सापटी | ६७,५९८,१३४ | ८१,४१८,८६१ | ९०,८५०,३५१ |
| धितोपत्रमा लगानी | ९,४१३,४४४ | १३,६११,१९० | १५,०१८,४१९ |
| चालु आयकर सम्पत्ति | - | - | ४,२०१ |
| सहायक कम्पनीमा लगानी | २५०,००० | २५०,००० | २५०,००० |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्तिमा लगानी | - | - | - |
| सम्पत्ति तथा उपकरण | ८८१,८४६ | १,१५०,५२१ | १,१७७,२११ |
| ख्याती र अमुर्त सम्पत्ति | ५६,५५१ | ७०,३१९ | ६०,५४६ |
| स्थगन कर सम्पत्ति | ५०,१५१ | १४,७७५ | २५,५६५ |
| अन्य सम्पत्ति | ६६१,०७५ | १,७१३,५९५ | २,२५३,७३१ |
| **कूल सम्पत्ति** | **९१,८२१,९५३** | **१०९,०६४,४८८** | **१२६,३१०,९८१** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न वाँकी | १,३४६,९५९ | ३,६९४,४५८ | ३,२७५,९७५ |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी | ३५८,९५० | १,०१८,९२० | ८६,२९२ |
| डेरिभेटिभ वित्तीय उपकरण | १८,८५१ | - | - |
| ग्राहकको निक्षेप | ७७,८४९,३८० | ८९,३७३,७२९ | १०७,२५०,२०३ |
| सापटी | - | - | - |
| चालु आयकर दायित्व | ६६,२९५ | २४,७७२ | - |
| व्यवस्था | ११,८१८ | २७,१७४ | ३२,४२९ |
| स्थगन कर दायित्व | - | - | - |
| अन्य दायित्व | १,०११,८१४ | १,२११,१७४ | १,१२२,७६५ |
| जारी गरिएको ऋणपत्र | ३७०,००० | १,७२४,७१२ | १,७२४,७१२ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - |

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| **कूल दायित्व** | **८१,०३४,०६७** | **९७,०७४,९४०** | **११३,४९२,३७६** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ८,००१,२५५ | ८,००१,२५५ | ८,८०१,३८१ |
| शेयर प्रिमियम | – | – | – |
| संचित मुनाफा | १,१३६,६८२ | १,७५१,५०७ | १,१९७,०३८ |
| जगेडा कोषहरु | १,६४९,९४९ | २,२३६,७८६ | २,८२०,१८६ |
| **शेयर धनीहरुलाई बाँडफाँड योग्य कूल इक्विटी** | **१०,७८७,८८६** | **११,९८९,५४८** | **१२,८१८,६०५** |
| **गैर नियन्त्रित स्वार्थ** | – | – | – |
| **कूल इक्विटी** | **१०,७८७,८८६** | **११,९८९,५४८** | **१२,८१८,६०५** |
| **कूल दायित्व तथा इक्विटी** | **९१,८२१,९५३** | **१०९,०६४,४८८** | **१२६,३१०,९८१** |

**नाफा–नोक्सान हिसाव**

*(रु. हजारमा)*

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| व्याज आम्दानी | ८,१०७,९७९ | १०,७५७,९८१ | ११,४६९,७२५ |
| व्याज खर्च | ५,०९२,४५५ | ६,५४९,२८४ | ७,२८०,०३१ |
| **खुद व्याज आम्दानी** | **३,०१५,५२४** | **४,२०८,६९७** | **४,१८९,६९४** |
| शुल्क तथा कमिशन आम्दानी | ७०६,३८९ | ७८५,१२० | ६९८,२५६ |
| शुल्क तथा कमिशन खर्च | ५०,१५२ | ७३,२५४ | ७८,५३० |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **६५६,२३७** | **७११,८६५** | **६१९,७२५** |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | **३,६७१,७६१** | **४,९२०,५६३** | **४,८०९,४२०** |
| खुद व्यापारिक आम्दानी | २९८,४११ | ३९२,८२५ | ४२०,६५८ |
| अन्य संचालन आम्दानी | ३८,९६२ | ४४,२३२ | ५९,७३० |
| **जम्मा संचालन आम्दानी** | **४,००९,१३४** | **५,३५७,६१९** | **५,२८९,८०७** |
| कर्जा तथा अन्य नोक्सानी व्यवस्था/फिर्ता | २३९,२१८ | २१८,२३८ | ७९७,०२५ |
| **खुद संचालन आम्दानी** | **३,७६९,९१६** | **५,१३९,३८१** | **४,४९२,७८३** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | ८६५,५५६ | १,२५९,७६८ | १,२३४,६८९ |
| अन्य संचालन खर्च | ३८३,७३० | ५१५,५५२ | ५७२,७०६ |
| ह्रास कट्टी तथा परिषोधन | १०५,४५५ | १३९,१६६ | १५५,५३५ |
| **संचालन मुनाफा** | **२,४१५,१७५** | **३,२२४,८९५** | **२,५२९,८५३** |
| गैर संचालन आम्दानी | ८९५ | २,०८७ | १,४१० |
| गैर संचालन खर्च | ७३४ | ६,८२६ | १,५२० |
| **आय कर अघिको मुनाफा** | **२,४१५,३३६** | **३,२२०,१५७** | **२,५२९,७४२** |
| आयकर खर्च | | | |
| चालु कर | ७७४,२५१ | ९५७,८१७ | ७५१,७२७ |

| विवरण | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
| स्थगन कर | (५६,४१९) | ४,२७२ | १,७५१ |
| **यस अवधिको मुनाफा** | **१,६९७,५०३** | **२,२५८,०६८** | **१,७७६,२६५** |

**(ग) आर्थिक वर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापर ीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

लागू नहुने ।

**(घ) आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठूलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :**

सो नभएको ।

**(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा :**

सो नभएको ।

**(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृति हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी :**

सो नभएको ।

**(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण, (आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य, (इ) पूनर्मूल्यांकनको औचित्य :**

सो नभएको ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

कम्पनीले आफ्नो दिर्घकालिन रणनिती अनुसार वित्तीय विवरणहरु तयार गरेको हो । रणनीति बनाउँदा बैंकले शुक्ष्म रुपमा बजार र सम्भावित लक्ष्यहरुको अध्ययन गरेर बनाएको हो । बैंकको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ।

**वासलात**

*(रु. हजारमा)*

| विवरण | प्रक्षेपित वित्तीय विवरण | | |
|---|---|---|---|
| | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ५,२४६,७८३ | ६,३०८,९२७ | ७,५३५,३४१ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने | ४,९६३,८२५ | ५,६०७,९३५ | ६,६९८,०८१ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | १,४३४,६४८ | ३,२०९,०६७ | ३,३६९,५२० |
| डेरिभेटिभ वित्तीय उपकरण | ८८,४७० | ९२,००८ | ९५,६८९ |
| अन्य व्यापारिक सम्पत्तिहरु | ५०३,७९९ | ५२३,९५१ | ५४४,९०९ |
| कर्जा तथा सापटी | ११५,२४४,३१३ | १३४,८३५,८४६ | १५९,१०६,२९८ |
| धितोपत्रमा लगानी | १५,६०१,१९८ | १७,४७३,३४२ | २०,७२३,९३२ |
| चालु आयकर सम्पत्ति | - | - | - |
| सहायक कम्पनीमा लगानी | २५०,००० | २५०,००० | २५०,००० |
| सम्बद्ध कम्पनीमा लगानी | - | - | - |
| सम्पत्तिमा लगानी | - | - | - |
| सम्पत्ति तथा उपकरण | १,३५३,७९३ | १,६११,०१४ | १,९४९,३२७ |

| विवरण | प्रक्षेपित वित्तीय विवरण | | |
|---|---|---|---|
| | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| ख्याती र अमुर्त सम्पत्ति | ७६,२९६ | ८२,७८२ | ८९,८१८ |
| स्थगन कर सम्पत्ति | २६,८४३ | २७,३८० | २७,९२८ |
| अन्य सम्पत्ति | २,०२२,६६७ | २,२०६,३९८ | २,४८३,००५ |
| **कूल सम्पत्ति** | **१४६,८१२,६३५** | **१७२,२२८,६५०** | **२०२,८७३,८४७** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तिय संस्थालाई तिर्न वाँकी | ३,४३९,७७४ | ३,६११,७६२ | ३,७९२,३५० |
| नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी | २,०८६,२९२ | १,५८६,२९२ | १,६३३,८८१ |
| डेरिभेटिभ वित्तीय उपकरण | - | - | - |
| ग्राहकको निक्षेप | **११९,४२४,१०५** | **१४३,३०८,९२६** | **१७१,२५४,१६६** |
| सापटी | - | - | - |
| चालु आयकर दायित्व | २५,७६३ | २६,७९३ | २७,८६५ |
| व्यवस्था | ३३,०७७ | ३३,७३९ | ३४,४१४ |
| स्थगन कर दायित्व | - | - | - |
| अन्य दायित्व | १,३२४,८६३ | ८९१,१०६ | ९४५,६६२ |
| जारी गरिएको ऋणपत्र | ५,७२४,७१२ | ५,७२४,७१२ | ५,३५४,७१२ |
| सुरक्षण नराखिएको सहायक आवधिक दायित्व | - | - | - |
| **कूल दायित्व** | **१३२,०५८,५८६** | **१५५,१८३,३३१** | **१८३,०४३,०५०** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ९,६८१,५१९ | १०,८४३,३०१ | १२,१९८,७१४ |
| शेयर प्रिमियम | - | - | - |
| संचित मुनाफा | १,८६४,७५२ | १,८९७,६३१ | २,४५३,६७० |
| जगेडा कोषहरु | ३,२०७,७७८ | ४,३०४,३८६ | ५,१७८,४१२ |
| **शेयर धनीहरुलाई वाँडफाँड योग्य कूल इक्विटी** | **१४,७५४,०४९** | **१७,०४५,३१९** | **१९,८३०,७९७** |
| **गैर नियन्त्रित स्वार्थ** | - | - | - |
| **कूल इक्विटी** | **१४,७५४,०४९** | **१७,०४५,३१९** | **१९,८३०,७९७** |
| **कूल दायित्व र इक्विटी** | **१४६,८१२,६३५** | **१७२,२२८,६५०** | **२०२,८७३,८४७** |

**नाफा–नोक्सान हिसाव**

*(रु. हजारमा)*

| विवरण | प्रक्षेपित वित्तीय विवरण | | |
|---|---|---|---|
| | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| व्याज आम्दानी | ११,८७५,०३० | १३,९५३,१६१ | १६,६०४,२६१ |
| व्याज खर्च | ७,३६२,८४१ | ८,४६७,२६७ | १०,११८,३८४ |
| **खुद व्याज आम्दानी** | **४,५१२,१९०** | **५,४८५,८९४** | **६,४८५,८७८** |
| शुल्क तथा कमिशन आम्दानी | ७५८,०७७ | ८७९,३६९ | १,०२०,०६८ |
| शुल्क तथा कमिशन खर्च | ८६,३८४ | ९९,३४१ | ११४,२४२ |

| विवरण | प्रक्षेपित वित्तीय विवरण | | |
|---|---|---|---|
| | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | **६७१,६९३** | **७८०,०२८** | **९०५,८२६** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | **५,१८३,८८३** | **६,२६५,९२२** | **७,३९१,७०३** |
| खुद व्यापारिक आम्दानी | ४६३,६८० | ५१०,०४८ | ५७१,२५४ |
| अन्य संचालन आम्दानी | ४०,४४१ | ४५,६९८ | ५१,६३९ |
| **जम्मा संचालन आम्दानी** | **५,६८८,००४** | **६,८२१,६६८** | **८,०१४,५९६** |
| कर्जा तथा अन्य नोक्सानी व्यवस्था/फिर्ता | ३५०,००० | ४२५,००० | ४६०,००० |
| **खुद संचालन आम्दानी** | **५,३३८,००४** | **६,३९६,६६८** | **७,५५४,५९६** |
| **संचालन खर्च** | | | |
| कर्मचारी खर्च | १,३५६,२०२ | १,५५९,६३२ | १,७९३,५७७ |
| अन्य संचालन खर्च | ५९५,८१२ | ६८५,१८४ | ७८७,९६१ |
| ह्रास कट्टी तथा परिषोधन | १७८,८६५ | २०२,०७२ | २३६,४२४.५० |
| **संचालन मुनाफा** | **३,२०७,१२५** | **३,९४९,७८०** | **४,७३६,६३३** |
| गैर संचालन आम्दानी | – | – | – |
| गैर संचालन खर्च | – | – | – |
| **आय कर अघिको मुनाफा** | **३,२०७,१२५** | **३,९४९,७८०** | **४,७३६,६३३** |
| **आयकर खर्च** | **९५३,६८१** | **१,१७४,४३४** | **१,४०८,९९०** |
| चालु कर | ९५३,६८१ | १,१७४,४३४ | १,४०८,९९० |
| स्थगन कर | – | – | – |
| **यस अवधिको मुनाफा** | **२,२५३,४४४** | **२,७७५,३४६** | **३,३२७,६४३** |

**वित्तीय प्रक्षेपणका आधारहरु**

| प्रक्षेपित वित्तीय विवरण | | | |
|---|---|---|---|
| **विवरण** | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| कर्जा तथा लगानीमा ब्याज (%) | ९.७४ | ९.७० | ९.८० |
| संचालन खर्चमा वृद्धि (%) | ६.७३ | १४.५८ | १५.४१ |
| स्थीर सम्पतीमा वृद्धि (%) | १५.०० | १९.०० | २१.०० |
| कूल निक्षेपमा ब्याज (%) | ५.८९ | ५.९२ | ६.०१ |
| कूल कर्जामा वृद्धि (%) | २३.०० | १७.०० | १८.०० |
| कूल लगानीमा वृद्धि (%) | ३.८८ | १२.०० | १८.६० |
| कूल निक्षेपमा वृद्धि (%) | ११.१९ | १९.६३ | १९.१९ |
| पुँजीकोषको अनुपात (CAR) % | १४.४१ | १४.०२ | १३.०८ |
| अनिवार्य मौज्दात अनुपात (CRR) % | ३.५० | ३.५० | ३.५० |
| बैधानिक तरलता अनुपात (SLR) % | १६.०० | १६.०० | १६.०० |
| शेयर लाभाँश % | १२.०० | १२.५० | १५.०० |

| प्रक्षेपित वित्तीय विवरण | | | |
|---|---|---|---|
| विवरण | आर्थिक वर्ष | | |
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| नगद लाभाँश % | ५.०० | ५.०० | ५.०० |
| कर व्यवस्था % | ३० | ३० | ३० |
| पूँजी फिर्ता जगेडा कोष (रु दश लाखमा) | ५३ | ५५३ | ५०० |
| खुद मुनाफामा वृद्धि (%) | २६.८६ | २३.१६ | १९.९० |
| **प्रति शेयर आम्दानी** | **२३.२८** | **२५.६०** | **२७.२८** |
| **प्रति शेयर नेटवर्थ** | **१५२.३९** | **१५७.२०** | **१६२.५६** |

बैंकले आर्थिक वर्ष ०७६/०७७ मा निक्षेप तर्फ १९.३० प्रतिशत तथा कर्जा तर्फ १२.२९ प्रतिशतको वृद्धि हासिल गरेको छ। अघिल्लो आ.व. मा रहेको अत्यधिक तरलतको चाप आगामी बर्षहरुमा सहज हुने अनुमान रहेको छ। त्यस्तै विगत तीन वर्षमा निक्षेपको औसत बृद्धि २३.९४% तथा कर्जाको औसत बृद्धि २२.२९% को हाराहारीमा देखिन्छ। सोहि आधारमा आगामी वर्षहरुमा समेत देहाय बमोजिम बृद्धि हासिल गर्न कठिनाई नहुने अनुमान गर्न सकिन्छ।

द्रष्टव्य :माथि उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री सुजन काफ्ले एण्ड एसोसिएट्सका का चार्टर्ड एकाउन्टेन्ट् सि.ए सुजन काफ्ले रहनु भएको छ।

**ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

(१) **सञ्चालन अवधि तीन वर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| प्रति शेयर आम्दानी रु. | २१.२२ | २८.२२ | २०.१८ | २३.२८ | २५.६० | २७.२८ |
| प्रति शेयर नेटवर्थ रु. | १३४.८३ | १४९.८५ | १४५.६४ | १५२.३९ | १५७.२० | १६२.५६ |
| संचित नाफा नोक्सान (रु.दस लाखमा) | १,१३६.६८ | १,७५१.५१ | १,१९७.०४ | १,८६४.७५ | १,८९७.६३ | २,४५३.६७ |

(२) **विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल :**

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब २०७४/७५ | आ.ब २०७५/७६ | आ.ब २०७६/७७ | आ.ब २०७७/७८ | आ.ब २०७८/७९ | आ.ब २०७९/८० |
| शेयर पूँजी | ८,००१,२५५ | ८,००१,२५५ | ८,८०१,३८१ | ९,६८१,५१९ | १०,८४३,३०१ | १२,१९८,७१४ |
| जगेडा तथा कोष | २,७८६,६३० | ३,९८८,२९३ | ४,०१७,२२४ | ५,०७२,५३० | ६,२०२,०१८ | ७,६३२,०८३ |
| **जम्मा नेटवर्थ** | **१०,७८७,८८६** | **११,९८९,५४८** | **१२,८१८,६०५** | **१४,७५४,०४९** | **१७,०४५,३१९** | **१९,८३०,७९७** |
| **शेयर संख्या हजारमा** | ८०,०१३ | ८०,०१३ | ८८,०१४ | ९६,८१५ | १०८,४३३ | १२१,९८७ |
| **प्रति शेयर नेटवर्थ रु.** | **१३४.८३** | **१४९.८५** | **१४५.६४** | **१५२.३९** | **१५७.२०** | **१६२.५६** |
| **नेटवोर्थमा औषत प्रतिफल(%)** | १८.६७ | २३.२० | १६.०९ | १८.०३ | १९.४५ | २०.१६ |
| **विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल: १९.३२** | | | | | | |

**निष्काशनपूर्वको प्रति शेयर आम्दानी र यस कारण वृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :** लागु नहुने।

(ग) १०. **धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "८.५०% सानिमा डिबेन्चर २०८७" निष्काशनको मूख्य उद्देश्य ने. रा. बैंकको निर्देशन पालना गर्नु र बैंकको व्यवसाय वृद्धि रहेको छ। यसको लागि थप पूरक पूँजीको (Tier II Capital) आवश्यकता परेको हुदा पूँजीका लागि डिबेन्चर जारी गरिएको छ।

**ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:**

१) **निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण:**

यस निष्काशन बाट प्राप्त हुने रकम रु. ४०० करोड लाई नेपाल राष्ट्र बैंकको तथा कम्पनीको आन्तरिक नितिको अधिनमा रहि ब्यवसाय बिस्तारको लागि निम्न अनुसार उपयोग गरिनेछ।

| सि.नं. | **विवरण** | **रकम** (रु.) |
|---|---|---|
| १ | कर्जा लगानी | ३२० करोड |
| २ | तरलता तथा ब्यवसाय बिस्तार | ८० करोड |
| | **जम्मा** | **४०० करोड** |

२) **सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था:**

सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्णरुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नका लागि ब्यक्तिगत तवरबाट बिक्री गरिनेछ। यदि कुनै पक्षले सो पक्षलाई छुट्याइएका ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई बिक्री गरिनेछ।

३) **आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने:**

सो नभएको।

४) **आयोजना सम्पन्न हुने, परीक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने :**

लागू नहुने।

५) **संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बुँदाहरु :**

लागू नहुने।

६) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण :**

सम्झौता नगरिएको।

७) **उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :**

सो नभएको

८) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :**

लागू नहुने।

९) **आयोजनको लागि आवश्यक हुने विद्युत, पानी, ग्याँसको मात्रा र त्यसको श्रोत :**

लागू नहुने।

१०) **सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

(अ) **निष्काशन तथा बिक्री प्रबन्धक :**

यस विवरणपत्र मार्फत सार्वजनिक रुपले सर्वसाधारणमा बिक्री गरिने ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धी कार्यका लागि नियुक्त एन आई सी एशिया क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंलाई उक्त सेवा प्रदान गरे बापत एकमुष्ठ रु. १,१०,०००/- (रु. एक लाख दश हजार मात्र) सेवा शुल्कको रुपमा दिइनेछ।

(आ) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा) :**

डिबेन्चर ट्रष्टिको सेवा प्रदान गरे बापत एन आई सी एशिया क्यापिटल लिमिटेडलाई वार्षिक रु. १०,०००/- सेवा शुल्कको रुपमा दिइनेछ।

(इ) **प्रत्याभूतिकर्ता** :सो नभएको।

(ई) **विज्ञहरु :**

यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय विवरण तयार पार्ने विज्ञमा सानिमा बैंक लिमिटेड आफैं रहेको छ र यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञमा श्री सुजन काफ्ले एण्ड एसोसिएट्सूका का चार्टर्ड एकाउन्टेन्ट् सि.ए सुजन काफ्ले रहनु भएको छ।

(उ) **लेखापरिक्षक :**

यस बैंकको आ.ब.२०७६/०७७ को लेखापरिक्षण कार्य श्री एस.आर. पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्सूले गरेको हो।

(ऊ) **अन्य :**

बाँडफाँटमा परेको ऋणपत्र सम्बन्धीत ऋणपत्रधनीहरुको हितग्राही खातामा जम्मा गरिदिने व्यवस्था गरिएको छ।

ग. **सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत् सम्बन्धी विवरण :**

सो नभएको।

घ. **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :**

ऋणपत्रको मूल्यमा प्रिमियम थप गरिएको छैन।

ङ. **धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

(१) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि आवेदन प्राप्त हुन आएमा प्रचलित कानूनमा भएको व्यवस्था बमोजिम बाँडफाँट गरिनेछ। यस विवरणपत्र अनुसार ऋणपत्र बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको ऋणपत्र खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा प्राप्त भएको आवेदन जतिको मात्रै ऋणपत्र बाँडफाँट गरी ऋणपत्र रकम संकलन गरिनेछ।

(२) **अत्यधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्रको लागि "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका अनुरुप सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको बाँडफाँटमा नपरेको ऋणपत्र बापत रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आवेदकले आवेदन गर्दाको बखत रोक्का राखेको खाताको रकम मात्र फुकुवा गरि फिर्ता भुक्तानी गरिनेछ।

(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**

निवेदकको रकम सम्बन्धितकै बैंक खातामानै रोक्का हुने हुदाँ उक्त व्यवस्था लागू नहुने।

(४) **धितोपत्र वाँडफाँट तथा प्रमाणपत्र जारी सम्वन्धी प्रकृया र समयावधि :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यबस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्रको खरिद बिक्री तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

(५) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्वन्धी विवरण :**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैकको शेयर मिति २०६३/०८/२९ गते सानिमा विकास बैकको नामबाट सूचिकरण भइ कारोबार भएको र सानिमा बैंक लिमिटेडको नाममा मिति २०६८/११/१२ गते देखि कारोबार भइरहेको छ।

(६) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज**

**खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्वन्धी विवरण :**

यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद विक्रिको व्यवस्था मिलाईनेछ ।

**च. ऋणपत्र प्रत्याभूति सम्बन्धी विवरण :**

यस विवरण-पत्र मार्फत निष्काशन गरिएको ऋणपत्रहरुमा प्रत्याभुति गरिएको छैन ।

**छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

(१) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ । साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदका लागि आवेदन गरी बाँडफाँट भए पश्चात कायम ऋणपत्रधनीहरुले कम्पनीको बार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैन् ।

(२) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

क. कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीतथा विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।

- कम्पनीको रजिष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. १, अलकापुरी ,नक्साल ।
- धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं ।

ख. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र अधिकतम १६,००,००० (सोह्र लाख) कित्ता ऋणपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ । न्यूनतम २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १० अंकको गुणाङ्कमा अधिकतममा १६,००,००० ((सोह्र लाख) कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ। तर व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा अधिकतमूहद लागु हुने छैन ।

ग. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/–(एक हजार) का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिनु पर्नेछ ।

(३) **आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानकोलागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**सर्वसाधारण तर्फबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :**

क. कुनै पनि सर्वसाधारण नेपाली नागरिकका साथै नेपाली संघ संस्था वा कम्पनीले यस विवरणपत्र मार्फत जारी गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिन सक्नेछन्।

ख. दरखास्त दिंदा नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फाराम बुझाउनु पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचनापाटी, वेबसाइट वा राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ ।

ग. आवेदकले आवेदन दिँदा सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवदेन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनु हुँदैन ।

घ. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाउने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी दरखास्त प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

ङ. रितपूर्वक प्राप्त नभएको आवेदनलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ ।

च. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो आवेदन फारामलाई रद्द गरी सो को जानकारी सम्बन्धित सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ ।

छ. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने ऋणपत्र खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१. कुनै पनि नेपाली नागरिक तथा संघ संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आफूले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ ।

२. आवेदन दिँदा आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।

३. आवेदन फाराम नेपाली तथा अंग्रेजी दुवै भाषामा पेश गर्नुपर्नेछ ।

४. आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ । यसको अलावा, निवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा A/C Transfer/Swift Transfer गरी सोको Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्ने छ ।

५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ ।

६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**(ग) ११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम

**क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति :**

कारोवार नभएको ।

**ख) आधारभूत शेयरधनी :**

कारोबार नभएको ।

**ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य :**

कारोबार नभएको ।

**घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्थाः**

सो नभएको ।

ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा :**

सो नभएको ।

च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :**

सो नभएको ।

(ग) १२. **विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

क) विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु : विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन नहुने ।

(ग) १३. **सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम

**बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या:**

| आर्थिक बर्ष | अधिकतम शेयर मुल्य (रु.) | न्यूनतम शेयर मुल्य (रु.) | अन्तिम शेयर मुल्य (रु.) | शेयर कारोवार शेयर संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७४/७५ | | | | |
| पहिलो त्रैमासिक | ४५० | ३२६ | ३४७ | २,१२० |
| दोस्रो त्रैमासिक | ३६९ | ३३१ | ३४० | १,०२५ |
| तेस्रो त्रैमासिक | ३८० | ३२४ | ३५८ | १,७०२ |
| चौथो त्रैमासिक | ३८६ | ३१७ | ३२४ | १,२४४ |
| २०७५/७६ | | | | |
| पहिलो त्रैमासिक | ३५६ | ३०५ | ३३५ | १,२०७ |
| दोस्रो त्रैमासिक | ३४६ | २९५ | ३०४ | १,०८४ |
| तेस्रो त्रैमासिक | ३२९ | २८६ | ३१८ | ८३१ |
| चौथो त्रैमासिक | ३७१ | ३१९ | ३४८ | १,६८८ |
| २०७६/७७ | | | | |
| पहिलो त्रैमासिक | ३६१ | ३०० | ३०५ | १,२३० |
| दोस्रो त्रैमासिक | ३५० | ३०० | ३४३ | ८६७ |
| तेस्रो त्रैमासिक | ४३७ | ३०३ | ३२४ | ३,०५६ |
| चौथो त्रैमासिक | ३४४ | २८७ | ३३० | ३१८ |

ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :

| महिना | उच्च मुल्य रु. | न्यून मुल्य रु. | अन्तिम मुल्य रु. | कुल दिन | कुल कारोवार भएको धितोपत्र संख्या (हजारमा) |
|---|---|---|---|---|---|
| बैंशाख, २०७७ | ३१८ | ३१८ | ३१८ | १ | ०.०२ |
| जेष्ठ, २०७७ | – | – | – | – | – |
| आषाढ, २०७७ | ३४४ | २८७ | ३३० | १३ | ३१७.५४ |
| श्रावण, २०७७ | ४०९ | ३३० | ३३७ | २१ | ९००.१३ |
| भाद्र, २०७७ | ३५९ | ३२९ | ३४३ | २२ | ७३४.५८ |

| महिना | उच्च मुल्य रु. | न्यून मुल्य रु. | अन्तिम मुल्य रु. | कुल दिन | कुल कारोवार भएको धितोपत्र संख्या (हजारमा) |
|---|---|---|---|---|---|
| आश्विन, २०७७ | ३६२ | ३३६ | ३४५ | २१ | १०६६.३६ |

नोटः शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत जानकारी लिन सकिनेछ।

**(ग) १४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण :

*(रु. हजारमा)*

| पूँजी तथा दायित्व | २०७६/७७ | | | |
|---|---|---|---|---|
| | वास्तविक | प्रक्षेपित | फरक (%) | कैफियत |
| शेयर पूँजी | ८,८०१,३८१ | ९,२०१,४४४ | (४.३५) | |
| जगेडा तथा कोषहरु | ४,०१७,२२४ | ४,५९२,४८५ | (१२.५३) | |
| ऋणपत्र तथा बण्ड | १,७२४,७१२ | २,३७०,००० | (२७.२३) | जारी गरीएको ऋणपत्र भन्दा कम आवेदन परेको |
| तिर्न बाँकि कर्जा सापट | ८६,२९२ | ७००,००० | (८७.६७) | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा कम पुनरकर्जा लिएकोले |
| निक्षेप दायित्व | ११०,०९६,००६ | १२५,३००,००० | (१२.१३) | |
| भुक्तानी दिनुपर्ने विलहरु | - | – | | |
| आयकर दायित्व | – | – | | |
| अन्य दायित्व | १,५८५,३६५ | १,३३०,८१५ | १९.१३ | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा बढी दायित्व सीर्जीत भएको |
| **कूल पूँजी तथा दायित्व** | **१२६,३१०,९८१** | **१४३,४९४,७४४** | | |
| **सम्पत्ति** | | | | |
| नगद मौज्दात | १,७५६,५१५ | २,३०६,००० | (२३.८३) | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा कम नगद मौज्दात |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ५,३२५,६८३ | ७,६७५,६०० | (३०.६२) | ने. रा. बैंकको निर्देशन बमोजिम सि. आर. आर. लिमीट कम भएको |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३,२६५,००१ | ७८६,५२९ | ३१५.१२ | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा बढी मौज्दात |
| माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | – | – | | |
| लगानी | १८,७०७,७४३ | २१,३९३,७८९ | (१२.५६) | |
| कर्जा सापट तथा विल खरिद | ९३,६९४,५६३ | १०८,७५६,८०० | (१३.८५) | |
| स्थिर सम्पत्ति | १,२३७,७५७ | १,०३४,५८३ | १९.६४ | बैंकलाई आवश्यक जग्गा खरिद गरिएकाले |
| गैर बैकिङ सम्पत्ति | - | – | | |
| अन्य सम्पत्ति | २,३२३,७१९ | १,५४१,४४३ | ५०.७५ | प्रक्षेपणमा उल्लेख गरिएको भन्दा बढी सम्पत्ति सीर्जीत भएको |
| **कूल सम्पत्ति** | **१२६,३१०,९८१** | **१४३,४९४,७४४** | | |

*(रु. हजारमा)*

| विवरण | २०७६/७७ | | | |
|---|---|---|---|---|
| | **वास्तविक** | **प्रक्षेपित** | **फरक (%)** | **कैफियत** |
| ब्याज आम्दानी | ११,४६९,७२५ | १२,७५०,०७६ | (१०.०४) | |
| ब्याज खर्च | ७,२८०,०३१ | ८,१९२,९८२ | (११.१४) | |
| **खुद ब्याज आम्दानी** | **४,१८९,६९४** | **४,५५७,०९३** | | |
| कमिशन तथा डिस्काउण्ट | ६१९,७२५ | ३०२,१८२ | १०५.०८ | प्रक्षेपण र वास्तविक आम्दानी शिर्षकहरुको पुन:बर्गिकरण |
| अन्य सञ्चालन आम्दानी | ८०,०२१ | ७९८,२०९ | (८९.९७) | प्रक्षेपण र वास्तविक आम्दानी शिर्षकहरुको पुन:बर्गिकरण |
| सटही घटबढ आम्दानी | ४००,३६६ | ३६७,०८४ | ९.०७ | |
| **कुल सञ्चालन आम्दानी** | **५,२८९,८०७** | **६,०२४,५६८** | | |
| कर्मचारी खर्च | ९५३,६०७ | ९१३,२१६ | ४.४२ | कर्मचारी खर्चमा NFRS अन्र्तगत वित्तीय खर्चको लेखाकंन गरिएकाले |
| अन्य सञ्चालन खर्च | ७२८,२४० | ८२८,६७३ | (१२.१२) | |
| सटही घटबढ नोक्सान | - | - | | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **३,६०७,९६०** | **४,२८२,६७९** | | |
| सम्भावित नोक्सानी ब्यवस्थाहरु | ७९७,०२५ | २६०,००० | २०६.५५ | कोरोनाको भाईरसको प्रतिकूल प्रभाव |
| **सञ्चालन मुनाफा** | **२,८१०,९३५** | **४,०२२,६७९** | | |
| गैर सञ्चालन आम्दानी/खर्च | (१११) | ४३,०२९ | (१००.२६) | प्रक्षेपण र वास्तविक आम्दानी शिर्षकहरुको पुन:बर्गिकरण |
| सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | - | - | | |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२,८१०,८२५** | **४,०६५,७०८** | | |
| असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - | - | | |
| **सम्पूर्ण कारोवार पछिको खुद मुनाफा** | **२,८१०,८२५** | **४,०६५,७०८** | | |
| कर्मचारी बोनस ब्यवस्था | २८१,०८२ | ३६९,६१० | (२३.९५) | |
| आयकर ब्यवस्था | ७५३,४७८ | १,१०८,८२९ | (३२.०५) | |
| **खुद नाफा/(नोक्सान)** | **१,७७६,२६५** | **२,५८७,२६९** | | |

**(ग) १५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

- **लेखापरीक्षक** :

  यस बैंकको आ.ब. २०७६/०७७ को लेखापरिक्षण कार्य श्री एस.आर.पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्सूले गरेको हो।

- **निष्काशन बैंक (Bankers to the Issue)** :

  "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो ब्यबस्था लागूनहुने।

- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :**

  यस विवरणपत्रमा उल्लेख गरिएको वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञमा निष्काशन कम्पनी आफैं रहेको छ।

- **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञः**

  यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञ श्री सुजन काफ्ले एण्ड एसोसिएट्स्का का चार्टर्ड एकाउन्टेन्ट् सि.ए सुजन काफ्ले रहनु भएको छ।

- यस शेयर निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धकमा एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौलाई नियुक्त गरिएको छ।

**ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बूँदा तथा शर्तहरु :**

- **लेखापरीक्षक** :सो नभएको।
- **निष्काशन बैंक (Bankers to the Issue) :**

  निष्काशित ऋणपत्रमा लगानीकर्ताहरुबाट प्राप्त लगानी रकम निष्काशन बैंक **(Bankers to the Issue)** मा खोलिएको ऋणपत्र खातामा जम्मा गरी सो को संयुक्त सुरक्षण निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रहन्छ ताकी सो रकम फिर्ता भुक्तानी गर्दा कुनै प्रकारको झन्झट नरहोस्।

**(ग) १६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

सो नभएको।

## (ग) १७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :

**क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :**

हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद नभएको।

**ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :**

हालसम्म संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई मुद्दा दायर गरिएको छैन।

**ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :**

विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन।

**घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :**

सो नभएको।

## (ग) १८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक कक्षको व्यवस्था गरिएको छ। एन आई सी एशिया क्यापिटलका मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुख श्री दामोदर रायमाझी ज्यूलाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकेको छ। लगानीकर्ताहरुले देहाए माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्ः फोन नं. ०१-५७०५६६४, E-mail: info@nicasiacapital.com

(ग) १९. **नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :**

सो नभएको ।

(ग) २०. **ऋणपत्र निष्काशन सम्बन्धी विवरण : यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको "८.५०% सानिमा डिबेन्चर २०८७" सम्बन्धी अन्य जानकारी देहाय बमोजिम रहेको छ।**

(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "८.५०% सानिमा डिबेन्चर २०८७" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

(१) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको ऋणपत्र निष्काशन सम्बन्धी शर्त बन्देज यसै विवरणपत्रमा उल्लेख गरिएको छ।

(२) **ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँट भएको मितिबाट १० (दस) वर्षको हुनेछ। सो अवधिपश्चात बैंकले यस ऋणपत्रको सांवा र अन्तिम किस्ताको तिर्न बाँकी व्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।

(३) **निष्काशन गरिने ऋणपत्रको रकम :**

दश बर्ष अवधि तथा बार्षिक ८.५० प्रतिशत ब्याजदर भएको प्रति ऋणपत्र रु.१,०००/- अंकित मूल्यका ४० लाख कित्ताले हुन आउने रु. ४ अर्ब बराबरको ऋणपत्र मध्ये २४ लाख कित्ता ऋणपत्रले हुन आउने कूल रु. २ अर्ब ४० करोड ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा १६ लाख कित्ता ऋणपत्रले हुन आउने कुल रु. १ अर्ब ६० करोड ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात ८०,००० कित्ता ऋणपत्र सामुहिक लगानी कोषका लागि छुट्ट्याएको समेत) सर्वसाधारण नेपालीहरुको लागि सार्वजनिक निष्काशनबाट बिक्री गरिने ।

(४) **ऋणपत्र शेयरमा परिवर्तन हुने वा नहुने :**

यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० वर्षको अवधिपश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने ।

(५) **ऋणपत्रको व्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधी/समय (Interest Payment Period) :** यस ऋणपत्रको वार्षिक व्याजदर ८.५०% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐनअनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित व्याज रकम प्रत्येक आ.व.को प्रथम अर्धवार्षिक (पुस मसान्त) र द्वितीय अर्धवार्षिक (असार मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। व्याज रकम भुक्तानी दिदां प्रथम अर्धवार्षिक (पुस मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम हरेक आ.व.को माघ १ गतेदेखि र द्वितीय अर्धवार्षिक (असार मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित व्याज रकम आ.व.को साउन १ गतेदेखि भुक्तानी गरिनेछ।

(६) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) सम्बन्धी व्यवस्था :** यो ऋणपत्रलाई निर्धारित १० वर्षको समय अवधि व्यतितहुनासाथ भुक्तानी गर्नका लागि बैंकले बार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको दोश्रो वर्ष देखि १२.५ प्रतिशतले ९ बर्ष सम्म बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान बाँडफाँड हिसाब खाता (Profit & Loss Appropriation A/C) बाट ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को व्यवस्था गरी वार्षिक रु. पचास करोड का दरले समानुपातिक रुपमा हुने रकम बैंकले नोक्सानी व्यहोर्नु परेको अवस्थामा समेत ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिनेछ। साथै, नाफा नभएको अवस्थामा उत्त रकम संचित मुनाफाबाट ऋणपत्र भुक्तानी कोषमा रकमान्तर गरिनेछ। यस ऋणपत्रको भुक्तानी गरेपछि ऋणपत्र भुक्तानी कोषमा रहेको रकम नाफा-नोक्सान बाँडफाँट हिसाब खातामा सारिनेछ वा नेपाल राष्ट्र बैंकले तोके बमोजिम गरिने छ।

(७) **ऋणपत्रवालाहरुको अधिकार :**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरण-पत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

(८) **ऋणपत्रको व्याज भुक्तानी गर्ने तरीका :** ऋणपत्रको बाँडफाँट पश्चात् बाँडफाँटमा पर्ने सम्पूर्ण ऋणपत्रधनीहरुलाई बाँडफाँट भएको दिनदेखिको पहिलो अर्धवार्षिकको व्याज रकम सो अर्धवार्षिक अवधीको समाप्ती पश्चात् भुक्तानी दिइनेछ। यस ऋणपत्र धारण गर्ने प्रत्येक ऋणपत्रधनीलाई व्याज रकम भुक्तानी गर्नका लागी ऋणपत्रको प्रमाणपत्रको साथै व्याज भुक्तानी पुर्जा **(Interest Coupon)** दिइनेछ। यस्को साथै ऋणपत्रधनीलाई आफ्नो खातामा सोझै ब्याज रकम जम्मा गर्ने सहुलियत समेत प्रदान गरिनेछ।

(९) **अन्य** : यो ऋणपत्र सानिमा बैंक लिमिटेड बाहेक अन्य जुनसुकै वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ।

**(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण:**

यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्तिसुरक्षण नराखी निष्काशन गरिएको हुनाले कथंकदाचित बैंक टाटपल्टिएमा निक्षेपकर्ताका प्रथम हक हुने हुँदा त्यस पछि मात्र ऋणपत्र धनीहरुको हक हुने। यस बैंकको २०७७ असाढ मसान्तको आधारमा निक्षेपकर्ताहरुको कुल निक्षेप ११०.१० अर्ब पछि मात्र हक लाग्ने। प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन।

**(ग) ट्रष्टिको नाम, ठेगाना तथा ट्रष्टि र कम्पनी बीच भएको सम्झौता (Trust Deeds) को प्रमुख बुँदाहरु**

**१) डिवेन्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण–पत्र प्राप्त धितोपत्र व्यवसायी एन आई सी एशिया क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं रहेको छ।

**२) ट्रष्टी भए वापत लिने शेवा शुल्क**

यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरेबापत बार्षिक रु.१०,०००/- (दस हजार मात्र) रकम ट्रष्टी सेवा उपलव्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।

**३) डिवेन्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क ब्यक्तिको नाम, पद :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग प्रमुख श्री दामोदर रायमाझी ज्यूलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ।

**४) डिवेन्चर ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :**

ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

**५) डिवेन्चर निष्काशन गर्ने कम्पनी र डिवेन्चरवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने डिवेन्चर ट्रष्टी बिच कम्पनी ऐनको व्यवस्था अनुरुप सम्झौता भएको कुरा :**

ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।

**६) डिवेन्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेन्चर ट्रष्टीले जांचबुझ गर्न र विवरण माग गर्न सक्ने, डिवेन्चर ट्रष्टीलाई डिवेन्चरवालाको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन अनुरुप भएको कुरा :**

डिवेन्चर ट्रष्टीको अधिकार र दायित्व, डिवेन्चर ट्रष्टीले जांचबुझ गर्न र विवरण माग गर्न सक्ने, डिवेन्चर ट्रष्टीलाई डिवेन्चरवालाको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन अनुरुप गरिएको छ ।

**७) डिवेन्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :**

डिवेन्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ ।

**८) डिवेन्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेन्चरवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यबस्था :**

डिवेन्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु डिवेन्चरवालाले हेर्न वा जान्न चाहेमा डिवेन्चर ट्रष्टी र निष्काशनकर्ताको रजिष्टर्ड कार्यालयमा वा निष्काशन तथा बिक्रि प्रबन्धकको कार्यालयमा सम्पर्क राखि हेर्न वा जान्न सकिने छ ।

**९) अन्य :**

- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Fund) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने।

१०) **डिवेन्चर ट्रष्टी र निष्काशनकर्ता कम्पनी बीच भएको सम्झौताका मुख्य बुंदाहरु:**

क. डिवेन्चर ट्रष्टीले बैंकको सम्पत्ति मूल्याङ्कन, परियोजना विश्लेषण वा ब्यवस्थापन विश्लेषण गर्न सक्ने र गराउन सक्ने छ।

ख. कथमकदाचित बैंक बिघटन गर्नुपरेमा बैंकको जायजेथामो निक्षेपकर्ताहरुको हक दावी भुक्तानी पछि मात्र डिवेन्चरवालाहरुको हक लाग्ने छ र उक्त डिवेन्चर फिर्ता दिनको लागि बैंकले वार्षिक मुनाफाबाट नेपाल राष्ट्र बैंकको निर्देशन अनुशार ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) मा जम्मा गरिनेछ र म्याद समाप्त भए पश्चात उक्त कोषबाट रकम फिर्ता हुनेछ।

ग. सम्झौतामा उल्लेखित शर्तहरु उल्लंघन भएमा वा पूरा नगरेमा वा अन्य कुनै मनासिव कारणले बैंकको आर्थिक कारोबार नियन्त्रणमा लिनु पर्ने भएमा वा सम्झौता बमोजिमको धितो कब्जामा लिनुपर्ने भएमा डिवेन्चर ट्रष्टीले बैंकको जायजेथा वा सम्पत्ति वा डिबेन्चर ट्रष्टीले धितो जमानतमा लिएको सम्पत्ति आफ्नो कब्जामा लिई वा धितो जमानत आफैले राख्न वा लिलाम बढाबढ वा अन्य उपयुक्त तरिकाले बिक्री गर्न सकिने छ।

घ. डिवेन्चर ट्रष्टीले डिवेन्चर ट्रष्टीको हैसियतले असल नियतले कार्य गर्दा सानिमा बैंक वा डिवेन्चरधनीलाई कुनै हानी नोक्सानी वा घाटा भएमा वा डिवेन्चरधनीलाई रकम फिर्ता भुक्तानी नभएमा डिवेन्चर ट्रष्टीको कुनै दायित्व तथा जिम्मेवारी रहने छैन।

ङ. बैंक विघटन गर्नु पर्ने अवस्था उत्पन्न भएमा डिबेन्चर ट्रष्टीले डिबेन्चरवालाको तर्फबाट आवश्यक कानूनी कारवाही गर्न सक्नेछ र डिबेन्चरवालाको अधिकार प्रयोग गर्न सक्नेछ।

**घ. परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मतअधिकारको ब्यवस्था:**

ऋणपत्र परिवर्तनशील नभएको।

**ङ. ऋणपत्र जारी गर्नुको उद्देश्य र सम्पन्न हुने कार्य योजना :**

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएका "८.५०% सानिमा डिबेन्चर २०८७" ऋणपत्र निष्काशनको मुख्य उद्देश्य बैंकको व्यवसाय वृद्धिको लागि हुनेछ।

यस विवरण–पत्रमार्फत निष्काशन गर्न लागिएको "८.५०% सानिमा डिबेन्चर २०८७" बिक्री गरी संकलन भएको रकम बैंकले आवश्यकता अनुसार कर्जा तथा लगानीमा उपयोग गर्नेछ।

**च. जारी पूँजी पूरा चुक्ता भए/नभएको :**

चुक्ता भएको।

**छ. यस भन्दा अगाडि जारि भएको ऋणपत्रको विवरण**

यस भन्दा अगाडि बैंकले २०७२/०४/२० मा रु ३७ करोड बराबरको सात वर्ष अवधिको वार्षिक ७ व्याजदर भएको डिबेन्चर (३७ लाख कित्ता डिबेन्चर रु १,००० का दरका ) जारी गरेको थियो। उक्त डिबेन्चरको समाप्ति मिति २०७९/०४/१९ रहेको छ। उक्त डिबेन्चरको भुक्तानी गर्नका लागि Bond Redemption Reserve खडा गरी वार्षिक रुपमा रु.५,२८,५७,१४३/–का दरले हाल सम्म रु.२१,१४,२८,५७२/–जम्मा गरिएको छ। उक्त बण्ड जारी गर्नका लागि ईक्रा नेपाल लिमिटेडले औसत आधारहरु (Fundamentals)जनाउन [ICRANP] LBBB+ ग्रेडिङ्ग प्रदान गरिएको थियो। ईक्रा नेपाल लिमिटेडले प्रत्येक वर्ष धितोपत्रहरुको Annual Review गर्ने गरेको छ। आ.व. २०७७/७८ को review पछि यस डिबेन्चरको ग्रेडिङ्ग [ICRANP] LA@ भएको छ।

यसका साथै बैंकले २०७५/०९/३० मा रु १ अर्ब ३५ करोड ४७ लाख १२ हजार बराबरको दश वर्ष अवधिको वार्षिक १० प्रतिशत व्याजदर भएको डिबेन्चर (१३ लाख ५४ हजार ७१२ कित्ता डिबेन्चर रु १,००० का दरका) जारी गरेको थियो। उक्त डिबेन्चरको समाप्ति मिति २०८५/०९/२९ रहेको छ। उक्त बण्ड जारी गर्नका लागि ईक्रा नेपाल लिमिटेडले औसत आधारहरु (Fundamentals) जनाउन [ICRANP] LA- ग्रेडिङ्ग प्रदान गरिएको थियो। ईक्रा नेपाल लिमिटेडले प्रत्येक वर्ष धितोपत्रहरुको Annual Review गर्ने गरेको छ। आ.व. २०७७/७८ को review पछि यस डिबेन्चरको ग्रेडिङ्ग [ICRANP] LA@ भएको छ।

**ज. नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागी दिएको शर्तहरु :**

१. कुनै पनि सुरक्षण नराखी "८.५०% सानिमा डिबेञ्चर २०८७" निष्काशन गर्नुपर्ने।

२. ऋणपत्रको अवधि १० बर्षको हुने।

३. प्रस्ताव बमोजिम ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धबार्षिक भुक्तानी गर्नुपर्ने, ऋणपत्रको वार्षिक ब्याजदर ८.५०% हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यबस्था गर्नुपर्ने।

४. बैंक बिघटन भएको अवस्थामा "८.५०% सानिमा डिबेञ्चर २०८७" को भुत्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने।

५. "८.५०% सानिमा डिबेञ्चर २०८७" जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल धितोपत्र बिनिमय बजारमा सूचीकृत गर्नुपर्ने।

६. सानिमा बैंक लिमिटेड. बाहेक अन्य बैंक तथा बित्तीय संस्थाबाट उक्त बण्ड धितो राखी ऋण लिन सकिने ब्यवस्था गर्नुपर्ने।

७. “८.५०% सानिमा डिबेञ्चर २०८७” निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने ।
८. “८.५०% सानिमा डिबेञ्चर २०८७” को रकम भुक्तानी गर्ने प्रयोजनको लागि Redemption Reserve को व्यबस्था यस बैंकको निर्देशन बमोजिम गर्नुपर्ने ।
९. Private Placement को आधारमा विक्री गरिने ऋणपत्रको सम्बन्धमा कुनै संघ/संस्थासंग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नु पर्ने ।
१०. यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यबस्था गर्नुपर्ने ।

**(ग) २१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**(ग) २२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार वित्तीय प्रक्षेपणका विवरण यर्थाथपरक रहेको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :** भएको ।

**लेखापरिक्षक परिवर्तन भएको कारण :** २०७५/७६ सम्म एस.ए आर.एसोसिएट्स्, चार्टर्ड एकाउन्टेन्ट्सूले लगातार ३ बर्ष लेखापरीक्षण गर्नु भएकोले पुन नियुक्तिको लागी योग्य नरहेको र एस.आर.पाण्डे एण्ड कं. चार्टर्ड एकाउण्टेण्ट्स्, काठमाण्डौंलाई नियुत्ति गरिएको जानकारी गराउन चाहन्छौ ।

**संचालक परिवर्तन भएको कारण :**

**आ.व. २०७६/७७**

यस आ.व.मा स्वतन्त्र संचालक श्री उत्तमकुमार भट्टराईले राजिनामा दिई रिक्त रहेको संचालक पदमा श्री बलराम पराजुलीलाई नियुक्त गरिएको छ ।

**आ.व. २०७५/७६**

यस आ.व.मा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने संचालक श्री शाम्वा लामा (प्रतिनिधि- जय गणेश इन्भेष्टमेन्ट प्रा.लि.) ले राजिनामा दिई रिक्त रहेको संचालक पदमा श्रीमती गायत्री थापालाई महीला संचालकको रुपमा नियुक्त गरिएको छ ।

**आ.व. २०७४/७५**

यस आ.व.मा सर्वसाधारण समुह (समुह “ख”) को संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरु श्री भरतकुमार पोखरेल र श्री महेश घिमिरे चौधौ वार्षिक साधारण सभाबाट पुनः निर्वाचित हुनु भएको जानकारी गराउन चाहन्छौ ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

कम्पनी सचिवको नाम : श्री रुद्र प्रसाद बन्जारा
ठेगाना : खोटाङ बजार-२, खोटाङ
योग्यता : अधिवक्ता - कानूनमा स्नातक

**(घ) सार्वजनिक निष्काशन गर्नको लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

**संचालक समितिको मिति २०७६/५/८ मा बसेको ४०५ औँ बैंठक र २०७७/६/१४ मा बसेको ४४३ औँ बैंठकको निर्णय :**

नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन अनुसार बाणिज्य बैंकहरुले २०७९ असार मसान्त भित्रमा चुक्ता पूँजीको न्युनतम २५% डिबेन्चर अनिवार्य रुपमा जारी गर्नु पर्ने निर्देशन गरेको छ । यस बैंकले चुक्ता पूँजीको १९.६०% हुन आउने रकम रू.१ अर्ब ७२ करोड बराबरको ऋणपत्र जारी गरी सकेको र उक्त रकम मध्येको रू.३७ करोडको ऋणपत्रको भुक्तानी अवधि मिति २०७९ रहेको छ । नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०७७ को निर्देशन नं. १६/०७७ को बुदाँ नं. ५ मा सञ्चित नोक्सानी बांकी नरहेका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो प्राथमिक पूँजीको बढीमा शतप्रतिशतसम्मको डिबेञ्चर/अन्य ऋण उपकरण जारी गर्न सक्ने व्यवस्था गरिएको र सोही निर्देशन नं.५ को बुँदा नं.६ मा स्वदेशी मुद्रामा ५ वर्ष वा सो भन्दा बढी अवधिको ऋणपत्र जारी गरेको रकमबाट शत प्रतिशत कर्जा प्रवाह गर्न सकिने व्यवस्था छ । Basel III अनुसार जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) को २.५% पूँजीकोषमा गणना हुने व्यवस्था समेत गरेको हुदा भविष्यमा बैंकको व्यवसायिक बिस्तारका लागि आवश्यक हुने पूँजी तथा ऋणपत्रका सम्बन्धमा नेपाल राष्ट्र बैंकको नीति तथा सुविधाहरुलाई समेत मध्यनजर गर्दै आवश्यक प्रकृया पुऱ्याई सम्बन्धित निकायबाट स्वीकृति लिई निम्न अनुसारको “८.५०% सानिमा डिबेन्चर २०८७” जारी गर्ने निर्णय गरियो ।

साथै, उक्त डिबेन्चर जारी गर्नको लागि गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्न प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको अन्य कर्मचारीलाई अख्तियारी प्रदान गर्ने समेत निर्णय गरियो ।

(ङ) **संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**
संगठित संस्था वा यसका ऋणपत्रधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

(च) **संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नस्थानहरुमा सम्पर्क राखिबैंकको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, का.म.न.पा. १, नक्साल काठमाडौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाण्डौं ।

(छ) **ऋणपत्र, कर्मचारी वा अरु कसैको लागि सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरणपत्र मार्फत निष्काशन गरिने प्रति ऋणपत्र रु.१,०००/– अंकित मुल्यका कुल ४०,००,००० लाख कित्ता मध्य सर्बसाधारणका लागी निष्काशन गरिने १६,००,००० कित्ता ऋणपत्र संख्याको ५% अर्थात ८०,००० कित्ता ऋणपत्रहरु सामुहिक लगानी कोषको लागि छुट्ट्याएर सुरक्षित गरिएको छ । यसरी छुट्ट्याएको ऋणपत्र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाडंफांड गरिनेछ ।

(ज) **विवरणपत्र तयार गर्नेको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभवको विवरण :**
यो विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एन आई सि एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं रहेको छ ।

(झ) **कम्पनीको प्रवन्धपत्र र नियमावली प्राप्त गर्न सकिने ठाउँ :**

यस कम्पनीको प्रवन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १, नक्साल र धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

(ञ) **अन्य (कम्पनीको सकारात्मक पक्षहरु) :**

१) स्थापनाकाल देखी नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको ।
२) दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ।
३) द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको ।
४) बैंकको समष्टिगत अवस्था बारे विश्लेषण गर्ने संस्था ईक्रा नेपाल नामक क्रेडिट रेटिङ्ग एजेन्सीले यस सार्वजनिक निष्काशनलाई “[ICRANP] LA@” rating प्रदान गरेको छ । उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमा नै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा पर्याप्त मात्रामा सुरक्षीत मानिन्छ साथै उक्त क्रेडिट रेटिङ्ग प्राप्त संस्थालाई समयमा वित्तीय दायित्व पुरा गर्ने तथा कम कर्जा जोखिम रहने संस्थाको रुपमा लिईन्छ ।

(ट) यस विवरणपत्र मार्फत ऋणपत्रको निष्काशन गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण पश्चात दस्तखत रुजु, ऋणपत्रको नामसारी आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालय वा कम्पनीले नियुक्त गर्ने ऋणपत्र रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइनेछ ।

(ठ) **ऋणपत्रको विक्री खुल्ला अवधि :**
यस विवरणपत्रद्धारा निष्काशन गरिएको ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट अधिकतम १५ दिन सम्म खुल्ला रहने छ । ऋणपत्रको लागि आवेदन लिने कार्य कम्तिमा चार कार्य दिनको लागि खुल्ला गरिने छ ।

(ग) २३.**यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालकहरुको नाम तथा दस्तखत :**

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | विनय कुमार श्रेष्ठ | अध्यक्ष | |
| २ | तुकप्रसाद पौडेल | संचालक | |
| ३ | गायत्री थापा | संचालक | |
| ४ | भरत कुमार पोखरेल | संचालक | |
| ५ | महेश घिमिरे | संचालक | |
| ६ | बलराम पराजुली | संचालक | |

(ग) २४. **निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति**

NIC ASIA
CAPITAL
Your Friend For Prosperity

निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)

मिति : २०७६/०९/२४

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

बिषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,
काठमाण्डौ जिल्ला, काठमाण्डौ मा.न.पा. अलकापुरी, नक्साल, काठमाण्डौमा केन्द्रीय कार्यालय रहेको सानिमा बैंक लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१०००/- अङ्कित दरका ४०,००,००० थान ऋणपत्रको निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । ऋणपत्र निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. बैंकको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त बैंकबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै बैंकको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा बैंकले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा बैंकद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. बैंकले निष्काशन गर्न लागेको ऋणपत्रका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा बैंकसग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरूप हुने गरी बैंकले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :

एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट

नाम : रमेन्द्र रायमाझी

पद: प्रमुख कार्यकारी अधिकृत

सही : ..........................

कार्यालयको छाप :

NIC ASIA CAPITAL

NIC ASIA Capital Limited
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu

(ग) २५. **विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :**
संलग्न गरिएको छ ।

# सानिमा बैंक

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था
केन्द्रीय कार्यालय : अलकापुरी, नक्साल, काठमाडौं
फोन नं.: ५९७००३३ फ्याक्स नं. ४४२८९६९
Email: sanima@sanimabank.com, URL: www.sanimabank.com